


**नागार्जुन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**




# नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बागमती प्रदेश
सीतापाइला, काठमाडौं

# आ.व. २०८१/०८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रम

Tel: 01-5275540, 5671717, Email: nagarjun.napa@gmail.com, Web: nagarjunmun.gov.np

**नवौं नगरसभा मितिः २०८१ असार १० गते**

# नागार्जुन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## सीतापाइला, काठमाडौं

# नागार्जुन नगरपालिकाको नवौं नगर सभाको बैठकमा प्रस्तुत

# आ.व. २०८१/०८२ नीति, बजेट तथा कार्यक्रम

*प्रस्तुत मितिः २०८१/०३/१०*

(नगर कार्यपालिकाको वैठकबाट स्वीकृत मितिः २०८१/०२/२८)

**नगरसभा सदस्यज्यूहरु:**

सर्वप्रथम म यस नागार्जुन नगरपालिकाको नवौं नगर सभाको उदघाटन समारोहमा उपस्थित प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, नगर सभा सदस्यहरुज्यूहरु एवं उपस्थित सवैमा हार्दिक अभिवादन सहित स्वागत गर्न चाहन्छु । समृद्ध नागार्जुन नगरपालिका निर्माणका लागि आधार तयार गर्न तय गरिएको आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत हुने आजको यस पुनित अवसरमा राष्ट्रको राजनीतिक र सामाजिक आन्दोलनमा आफ्नो जीवन आहुति दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै जनआन्दोलन तथा सशस्त्र संघर्ष एवम् अन्य परिवर्तनको अभियानका क्रममा घाइते, अपाङ्ग तथा बेपत्ता भएका व्यक्तिहरू प्रति समेत उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

देशकै संघीय राजधानीको जिल्लामा अवस्थित यो नगरपालिका स्थापना भएको छोटो अवधिमा नगरले तय गरेको "समृद्ध नागार्जुनको आधार, पर्यटन सहितको पुर्वाधार र आवासीय नगर" को दीर्घकालीन लक्ष्य हासिल गर्न समृद्ध नागार्जुन सवैको साझा दायित्व भन्ने जिम्मेवारी भावका साथ आज हामी व्यापक छलफल र विश्लेषण गरी यो क्षणमा उपस्थित भएका छौं । नागरिकका समस्या, आवश्यकता तथा अपेक्षा असीमित छन्, सीमित श्रोतका वावजुद ती आवश्यकतालाई क्रमिक रुपमा न्यायोचित सम्वोधन गर्नु नगरपालिकाको दायित्व हो । नगरपालिकाले यस नीति तथा कार्यक्रम एवम् बजेट तयार गर्दा सहभागितामूलक योजना तर्जुमा पद्धतिको अवलम्बन गरेको छ । नगरपालिकाले यस क्रममा टोल, वस्ती हुँदै वडा समितिको वैठक, विभिन्न चरणमा विषयगत समितिको बैठक तथा विज्ञसंगको छलफल, प्रदेश सभा सदस्य तथा संघीय सभा सदस्यहरुसंग विभिन्न समयमा गरेको राय परामर्श छलफल वाट प्रतिनिधिमूलक रुपमा नगरवासीहरुको मत सम्वोधन गर्ने प्रयास गरेका छौं । साथै यस पटक सम्बोधन गर्न नसकिएका विषयहरूलाई समेत आगामी दिनमा क्रमशः सम्बोधन गर्दै जाने व्यहोरा समेत यहाँहरू सम्पूर्णलाई अवगत गराउन चाहन्छु ।

# नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्ने व्यवस्था रहेको छ । यस अवसरमा देशको राजधानीमा अबस्थित नागार्जुन नगरपालिकाको नवौं नगर सभामा आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

यस चालु आ.व. २०८०/०८१ का लागि अघिल्लो वर्ष तय गरिएको नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको स्थिति संक्षिप्तमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. नेपालको संविधानले व्यवस्था गरेको निःशुल्क शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयनको लागि नागार्जुन नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुले विभिन्न नाममा विद्यार्थीहरुबाट वार्षिक रुपमा लिदै आएको भर्ना शुल्क वा मासिक रुपमा लिने शुल्क खारेज गरी नेपालको संविधानद्वारा प्रदत्त निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गरिएको छ । साथै निजी विद्यालयहरूले लिन पाउने उच्चतम शुल्कको सीमा तयार गरिएको, छात्रवृत्ति सम्बन्धी

व्यवस्थाको कार्यान्वयनको अनुगमन एवम् निगरानी गरिएको, स्थानीय पाठ्यक्रम तथा पाठ्य पुस्तक तयार गरी लागू गरिएको, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनको शुरूवात भएको, सामुदायिक विद्यालयमा साइबर अपराध सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गरिएको, किशोरीहरूलाई आत्मरक्षा सम्बन्धी तालिम लगायतका कार्यक्रमहरू सञ्चालन हुनका साथै लामो अवधिको व्यवसायिक सीप विकास तालिम कार्यक्रम मार्फत करिव ५८ जना भन्दा धेरै व्यक्तिहरूलाई दक्ष बनाई रोजगारीका लागि योग्य बनाईएको छ ।

२. यसै आ.व.बाट नगरपालिकामा ५ शैयाको नगरस्तरीय अस्पताल स्थापना गरी सञ्चालनमा ल्याईएको छ । स्वास्थ्य बिमा कार्यक्रमको पहुँच नगरवासीहरूमा पुगी सकेको छ । आगामी दिनमा नगर अस्पतालबाट प्रदान गरिने सेवाहरूलाई चुस्त र गुणस्तरीय बनाउन नगरपालिका लागि परेको छ । नगर एम्बुलेन्स र शववाहनबाट निःशुल्क सेवा प्रदान भइरहेको, कडा तथा दीर्घ रोग जस्तै क्यान्सर, मुटु तथा मृगौला रोगी, मानवअङ्ग प्रत्यारोपण गरेका विरामीलाई मापदण्डको आधारमा आर्थिक सहायता उपलव्ध गराइएको छ ।

३. नागार्जुन नगरपालिका वडा नं. १ देखि १० सम्मका स्थानीय अशक्त, अपाङ्ग, जेष्ठ नागरिक, एकल महिला लक्षित घरदैलोमा नै प्रेसर, सुगर जाँच तथा परामर्श एवम् साधारण निशुल्क औषधि वितरण, विभिन्न संघसंस्थाहरूसँगको सहकार्यमा आँखा शिविर, दन्त शिविर, मुटु परिक्षण शिविर, आयुर्वेदिक स्वास्थ्य शिविरहरू समेत सम्पन्न भएका छन् ।

४. नागार्जुन नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणाका लागि कार्य योजना तयार गरी कार्य अगाडि बढाई सकिएको जानकारी गराउन चाहन्छु । साथै महिला सशक्तिकरण तथा अपांगता भएका व्यक्तिहरूका लागि सहायता सामग्रीहरू वितरण, अपांगता भएका व्यक्ति तथा परिवारका लागि सीप विकास तालिम, दोभाषे सेवा लगायतका कार्यक्रमहरू सञ्चालन भएका छन् । साथै ज्येष्ठ नागरिकहरूका लागि तिर्थ यात्रा तथा सामाजिक पुनर्मिलन लगायत विपन्न ज्येष्ठ नागरिकहरूका लागि सहायता सामग्री तथा शक्तिवर्धक आयुर्वेदिक औषधीहरूको वितरण गरिएको छ ।

५. स्थानीय स्तरमा लघु उद्यमीहरूद्वारा उत्पादित वस्तुहरूको बजारीकरण तथा प्रोत्साहनका लागि व्यापार मेला आयोजना गरी बिक्री वितरणको व्यवस्था मिलाईएको, लघु उद्यमीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले उद्यमशिलता तथा पञ्चे बाजा बजाउने, अचार बनाउने, बेकरी, मखमली जुत्ता/झोल साबुन/धुप/सिलाई कटाई लगायतका सीप विकास तालिम प्रदान गरी उद्यमीहरूलाई सीपसँग सम्बन्धीत प्रविधि हस्तान्तरण गरी स्वरोजगारका लागि प्रोत्साहन गरिएको छ ।

६. यस आ.व.को जेष्ठ मसान्तसम्मको तथ्यांक अनुसार गत आ.व.को सोही अवधिको तुलनामा नगरपालिकाको आन्तरिक राजश्व वृद्धि दर २२ प्रतिशत भन्दा बढी रहेको छ, नगरवासीहरूले घरबाटै राजश्व तिर्न सक्ने प्रविधिको विकास गरी कार्यान्वयनमा ल्याईएको छ तथा १० वटै वडाबाट व्यवसाय दर्ता तथा अनुगमनलाई तिव्रता दिईएको भएता पनि संघ र प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँडमा हुँदै आएको भारी कटौतीले नगरपालिकाको वित्तीय स्वास्थ्यमा चुनौती खडा गरेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

७. नागार्जुन नगरपालिका क्षेत्रभित्र व्यवसायिक कृषि प्रवर्द्धनका लागि ५०/५० लागत सहभागितामा हाते ट्याक्टर वितरण, उत्कृष्ट कृषकहरूलाई नियमानुसार व्यवसाय विस्तार अनुदान, विभिन्न

किसिमका बिउविजन/विषादी/किटनासक औषधी, कम्पोष्ट बिन, ड्रागन फ्रुट, सिँचाई पाईप लगायत सिजन अनुसारका फलफुलका विरूवाहरू समेत अनुदानमा वितरण गरिएको छ ।

८. नगरपालिका क्षेत्र भित्र पशुपालनलाई प्रोत्साहन गर्न घाँसको बिउ, विभिन्न संक्रामक रोग विरूद्धको भ्याक्सिन अभियान, दुध चिस्यान केन्द्र स्थापना अनुदान, बाख्रा पालन तालिम, Cow Mat वितरण, नगरपालिकाको आन्तरिक श्रोत तथा निजी कम्पनीहरूको संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत खर्च गर्ने गरी कुल ५०० भन्दा बढी सामुदायिक कुकुरहरूलाई बन्ध्याकरण, भ्याक्सिनेशन लगायतका कार्यहरू सम्पन्न भएको छ ।

९. नगरपालिका क्षेत्रभित्र सडक तथा यातायात सम्बन्धी नीतिलाई दीर्घकालीन हुने गरी निर्माणका लागि नगर यातायात गुरू योजना निर्माण कार्य शुरू हुनका साथै रूग्ण एवम् समस्याग्रस्त रहेका नाम्गेल चोक क्षेत्र, बाफल — महांकाल सडक, आदेश्वर — डाँडागाउँ — इचंगुनारायण, शरणपुर — आनि गुम्बा भित्री सडक, संकटा — मनमति सडक, भिमसेनथान — थाप्ले सडक, खड्का गाउँ — पाखुरे सडक लगायत सवै वडाका महत्वपूर्ण भित्री सडकहरू गरी कुल १५ कि.मि. भन्दा बढी सडकको स्तरोन्नती कार्य चालु आ.व. भित्र सम्पन्न भएको छ । साथै विगतमा कालोपत्रे/ढलान भई मर्मत गर्नु पर्ने देखिएका सवै जसो वडाका मुख्य तथा सहायक सडकहरू मर्मत सम्भार कार्य सम्पन्न भएको छ । खुल्ला व्यायामशाला सहितको एक वडा एक पार्क कार्यक्रमका लागि १० वटै वडाबाट स्थान पहिचान भई विस्तृत परियोजना प्रतिवेदन तयार भई निर्माण कार्य शुरूवात भईसकेको जानकारी गराउन चाहन्छु ।

१०. नागार्जुन नगरपालिका क्षेत्रभित्र रहेका खानेपानी उपभोक्ता समितिहरूबाट वितरीत खानेपानीको शुद्धताको परिक्षण गरी समस्या देखिएका स्थानहरूमा सुधारका लागि ताकेता गरिएको, खानेपानी समितिहरूमा देखिएका सुशासन सम्बन्धी समस्याहरूलाई समाधान गर्न साधारण सभा, लेखा परिक्षण लगायतका कार्यहरू गराईएको तथा समग्र खानेपानी तथा सरसफाई सम्बन्धी नीतिमा एकरूपता कायम गर्न नगरस्तरीय खानेपानी तथा सरसफाई सम्बन्धी कानून तर्जुमा कार्य अन्तिम चरणमा पुगेको छ । साथै स्यूचाटारमा रहेको खानेपानी अभावको समस्या समाधानका लागि बृहत आयोजनाको भौतिक प्रगति ७० प्रतिशत भन्दा बढी हासिल भई सकेको समेत अवगत गराउन चाहन्छु ।

११. नागार्जुन नगरपालिका क्षेत्र भित्र हुन सक्ने सम्भावित विपद् व्यवस्थापनको लागि वडास्तरमा द्रुत प्रतिकार्य समूह (Rapid Response Team) गठन गरी आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना तथा राहत उद्दारका सामाग्रीहरू समेतको व्यवस्था गर्ने प्रक्रिया अगाडि बढाई सकिएको छ ।

१२. नागार्जुन नगरपालिकामा अवस्थित आदेश्वर महादेव मन्दिरको विस्तृत गुरु योजना निर्माण कार्य अगाडि बढाईएको साथै इचंगुनारायण मन्दिरको पुनः निर्माण कार्यलाई तिव्रता दिईएको छ । नगरपालिका कार्यालयसँगैको हरिसिद्धि माताको मन्दिर पुनः निर्माण अन्तिम चरणमा पुगेको छ ।

१३. सहकारी मार्फत हुने वित्तीय कारोवारलाई सुरक्षित र भरपर्दो बनाउन नियमित रुपमा नियमन र अनुगमनको शुरूवात गरिएको छ । साथै सहकारी संघसंस्थाहरुको विवरण अद्यावधिक गराउने, समयमा नै साधारण सभा तथा लेखा परिक्षण गर्न उत्प्रेरित गरिनुका साथै जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरूलाई तालिम तथा क्षमता विकासका कार्यक्रमहरू समेत सञ्चालन गरिएको छ ।

१४. नगरपालिका तथा वडा कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई क्रमशः प्रविधिमैत्री बनाउँदै लगिएको तथा अभिलेख व्यवस्थापन समेत प्रभावकारी बनाउँदै लगिएको छ । डिजिटल घर नक्सा इजाजत प्रणाली, पुराना नक्साहरूको डिजिटाईजेशन, कर्मचारीहरूको ई-हाजिरी, योजना कार्यान्वयनमा सफ्टवेयरको प्रयोग, वडा सिफारीसमा एकरूपताका लागि सफ्टवेयरको प्रयोग लगायतका डिजिटल सुधारका कार्यहरूले समयको बचत, छिटो छरितो सेवा प्रवाह तथा चुस्त अभिलेख व्यवस्थापनमा सहयोग पुर्याएको छ ।

१५. नागार्जुन नगरपालिका गत आ.व. हरूमा माथिल्लो निकायहरूबाट हुने मूल्यांकनका मापदण्डहरू स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन Local Government Institutional Capacity Self - Assessment (LISA), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (FIDUCIARY RISK ASSESSMENT - FRA), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्ने कार्य सम्पादन मूल्यांकन, अन्तिम लेखा परिक्षणबाट कायम हुने बेरूजु फछ्र्यौट जस्ता मूल्याङ्कन सूचकहरुमा क्रमशः सुधार हुँदै आएको छ । जसले गर्दा नगरपालिकाको कार्य सम्पादन र सुशासनका पक्षमा सकारात्मक परिवर्तन हुँदै गएको प्रष्ट हुन्छ ।

सहभागितामुलक योजना पद्धति र प्रभावकारी अनुगमन तथा दैनिक सेवा प्रवाहको प्रभावकारीताका लागि हामीले अवलम्वन गरेको नीति, योजना, कार्यक्रम र व्यवहारले नगरवासी सवैमा स्थानीय सरकार प्रतिको विश्वास अभिबृद्धि गरेको छ भन्ने मलाई लागेको छ । नगरपालिकाको संस्थागत क्षमता विकासका लागि कानून तथा कार्यविधिहरू निर्माण, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासमा जोड दिईनुका साथै नीतिमा आधारित योजना तथा कार्यक्रमका लागि नगरपालिकाको पञ्चवर्षिय आवधिक योजना तर्जुमा कार्य समेत अन्तिम चरणमा पुगेको जानकारी गराउन चाहन्छु । साथै नगरपालिकाका लागि प्रदान गरिने रचनात्मक सुझाब र सल्लाह, गुनासो र खबरदारी हाम्रा लागि सदैव ग्रहणीय र स्वागतयोग्य छन् । अव म नगरप्रमुखज्यूको अनुमति अनुसार यस नगरपालिकाको आगामी आ.व. को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

**<u>नीति तथा कार्यक्रमको लक्ष्यः</u>**

नेपालको संविधानले तय गरेको स्वायत्तता र स्वशासनको अधिकारलाई सहकारिता, सहअस्तित्व र समन्वयका साथ उपयोग गर्दै, पूर्ण पारदर्शी भई जनसहभागिता र उत्तरदायित्वको सुनिश्चितता गरी संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरू स्थानीयस्तरमा समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु, प्रभावकारी सेवा प्रवाहको प्रवन्ध मिलाउनु, युवा तथा बेरोजगार व्यक्तिहरूको सीप विकास गरी रोजगारीको प्रवन्ध गर्नु, समाजका अल्पसंख्यक, सीमान्तकृत तथा कमजोर वर्गको सशक्तिकरण तथा मूल प्रवाहीकरण गर्नु, नगर भित्र गुणस्तरीय पूर्वाधारको विकास गर्दै परम्परागत कला, संस्कृति, पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी नगरलाई साँस्कृतिक रुपले उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्दै जनताको गुणस्तरीय जीवनयापनको अवसर सृजना गरी सम्बृद्धि हासिल गर्ने लक्ष्य निर्धारण गरिएको छ। यो लक्ष्य पूरा गर्न सहयोग पुग्ने गरी सामाजिक विकास (स्वास्थ्य, शिक्षा र जेष्ठ नागरिक, महिला तथा वालवालिका), आर्थिक विकास (कृषि, उद्योग, रोजगारी सृजना), भौतिक विकास (विकास निर्माण तथा विपद व्यवस्थापन) एवं सुशासन लाई नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रको रुपमा पहिचान गरिएको छ ।

**<u>मुख्य नीतिहरुः</u>**

१. गुणस्तरीय शिक्षा एवम् स्वास्थ्य सेवा, खानेपानी एवम् फोहरमैलाको प्रभावकारी व्यवस्थापन,

२. नवप्रबर्तन, स्वरोजगार, सीप र स्थानीय पूँजी र प्रबिधिको माध्यमबाट उद्यमशीलता एवम् रोजगारी प्रवर्द्धन,

३. विपद् सम्वेदनशील, वातावरणमैत्री गुणस्तरीय शहरी पूर्वाधारमा नागरिकको पहुँच अभिवृद्धि,

४. महिला, बालबालिका, अपांगता भएका व्यक्ति एवम् सामाजिक साँस्कृतिक रूपले पिछडिएका व्यक्तिहरूको उत्थान तथा सशक्तिकरण,

५. नगरपालिकाको वित्तीय शक्तिको विस्तार एवम् संस्थागत क्षमता अभिवृद्धि,

६. प्रभावकारी सेवा प्रवाह एवम् पारदर्शीता, उत्तरदायित्व र जवाफदेहीता प्रवर्द्धन गरी स्थानीय सरकार प्रति नागरिक विश्वास अभिवृद्धि

उपर्युक्त प्रमुख नीतिहरुको आधारमा देहाय बमोजिमको क्षेत्रगत नीति तथा कार्यक्रमको अवलम्वन तथा कार्यान्वयन गरिनेछ ।

# १. आर्थिक विकास

## क. <u>राजश्व परिचालन</u>

७. नगरपालिका क्षेत्र भित्र सञ्चालित सबै किसिमका आर्थिक तथा व्यवसायिक क्रियाकलापहरूलाई व्यवसाय करको दायरामा ल्याउने तथा करका दरहरूमा समेत वैज्ञानिक पुनरावलोकन गरी करदातामैत्री राजश्व नीति अवलम्बन गरिनेछ ।

८. नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने सबै करदाताहरूको अभिलेख व्यवस्थापनलाई प्रविधिको प्रयोग मार्फत व्यवस्थित गरिनेछ । करदाताको अभिलेख विद्युतीय प्रणालीमा अद्यावधिक गरिनेछ ।

९. नगरपालिकाको आन्तरिक आयलाई थप सुदृढ बनाई बजेटमा पर निर्भरता घटाउन कूल बजेटमा आन्तरिक आयको हिस्सा क्रमशः बढाउदै लगिनेछ ।

१०. राजश्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाईनेछ । राजश्व प्रशासन अन्तर्गत कार्यरत कर्मचारीहरुका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकाले कर सङ्कलनको लागि व्यवस्था गरेको अनलाईन प्रणालीमा थप सुधार गरी राजश्व सङ्कलन प्रक्रियालाई व्यवस्थित एवम् प्रभावकारी बनाईनेछ ।

११. कर राजश्व तथा गैरकर राजश्वको क्षेत्र विस्तार एवं करका दरहरुलाई लागत प्रभावी हुने गरी समयसापक्ष परिमार्जन गरिनेछ ।

१२. नागार्जुन नगरपालिकालाई आन्तरिक श्रोतबाट आत्मनिर्भर नगरपालिका बनाउन करको दायरा विस्तार गर्न आवश्यक अध्ययन तथा अनुसन्धानका कार्यहरू अगाडि बढाईनेछ। साथै नगरपालिकामा सङ्कलन हुने सम्पूर्ण कर तथा गैर कर राजश्वको परिपालना दर अभिवृद्धि गर्न तथा राजश्वमा हुने चुहावटलाई न्यूनीकरण गर्न हरेक वडा मार्फत अनुगमन तथा नियमनलाई तिव्रता दिँदै घुम्ती सेवा समेत सञ्चालन गरिनेछ।

१३. आ.व. २०८१/८२ को कार्तिक मसान्त भित्र सम्पत्ति कर तथा भुमिकर तिर्ने करदातालाई १० प्रतिशत छुट, आ.व. २०८१/८२ को एकमुष्ठ रुपमा आर्थिक वर्ष भरीको बहाल कर कार्तिक मसान्त भित्र चुक्ता गर्ने करदातालाई २५ प्रतिशत छुट प्रदान गरिनेछ । साथै फरक क्षमता भएका व्यक्तिहरुको नाममा दर्ता हुने व्यवसायलाई व्यवसाय दर्ता दस्तुरमा ५० प्रतिशत छुट र महिलाको नाममा दर्ता हुने ५ लाख भन्दा कम पुँजीको लघु, घरेलु तथा साना उत्पादनमूलक उद्योगको दर्ता दस्तुरमा २५ प्रतिशत छुट सुविधालाई निरन्तरता दिईनेछ ।

१४. राजश्वका नयाँ दायरा पहिचान तथा परिपालना दर बढाउने कार्यमा जनप्रतिनिधि, कर्मचारी, विज्ञ एवम् स्वयंसेवकहरू समेत परिचालन गरिनेछ । साथै उक्त कार्यमा खटिने समूहलाई प्रोत्साहन तथा उत्प्रेरित गर्ने नीति लिईनेछ ।

१५. नगरपालिका तथा वडा कार्यालयमा दर्ता नभएका सम्पूर्ण व्यवसायहरुलाई आ.व. २०८१/८२ लाई नै आधार वर्ष मानेर व्यवसाय दर्ता अभियान सञ्चालनलाई निरन्तरता दिईनेछ । पटक - पटक मौखिक तथा लिखित अनुरोध गर्दा समेत व्यवसाय दर्ता नगरेमा त्यस्ता व्यवसायीहरुलाई कानून बमोजिम नगरपालिका तथा वडा कार्यालयहरूबाट प्रदान गरिने सेवासुविधा रोक्का समेतका कारवाही प्रक्रिया अगाडि बढाईनेछ ।

१६. घरजग्गा बहाल कर सङ्कलनलाई यथार्थपरक तथा प्रभावकारी बनाउन सम्बन्धीत वडा कार्यालयमा अनिवार्य रुपमा घरबहाल सम्झौता अभिलेखाङ्कन गराउने नीति अवलम्वन गर्दै घरजग्गा बहाल करको परिपालनामा जोड दिईनेछ ।

१७. आन्तरिक राजश्व सङ्कलन कार्यलाई तिव्रता दिनका लागि करदाताहरुको अध्यावधिक विवरण, कर असुली तथा कर व्यवस्थापन प्रयोजनको लागि अन्य सरकारी निकायहरूसँगको समन्वय तथा सूचना आदानप्रदान गर्ने कार्यलाई संस्थागत गरिनेछ ।

१८. नगरपालिका क्षेत्रभित्र उपलब्ध प्राकृतिक स्रोत तथा सम्पदाहरुको समुचित परिचालन, संरक्षण एवम् आन्तरिक राजश्वमा हुन सक्ने योगदान लगायतका विषयमा सम्भाव्यता अध्ययन गरिनेछ ।

१९. नगरपालिकाले सङ्कलन गर्ने राजश्व अभिवृद्धि गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. आ.व. २०८१/०८२ मा १० वटै वडा तथा नगर कार्यपालिकाको कार्यालय मार्फत राजश्वमा उच्चतम योगदान गर्ने व्यक्तिगत तथा संस्थागत करदातालाई आगामी नगर सभामा सम्मान गर्ने नीति लिईनेछ ।

## ख. <u>कृषि, सिंचाई तथा पशुपालन</u>

२१. नागार्जुन नगरपालिका क्षेत्रभित्र भू-उपयोग सम्बन्धी प्रचलित नीति र कानूनको अधिनमा रही भूमिको वर्गीकरण र भू-उपयोग योजना तर्जुमा गरी लागू गरिनेछ ।

२२. संघ तथा प्रदेश सरकारको नीति अनुकूल हुने गरी कृषक सूचीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२३. नगरपालिका क्षेत्रभित्र कृषि उत्पादनमा वृद्धिका लागि रैथाने बाली, खाद्यान्न बाली, तरकारी बाली, मसला बाली लगायतको बिउ बिजन उपलब्ध गराईनेछ । साथै कृषकहरूलाई लागत सहभागितामा कृषि औजार तथा उपकरणहरू उपलब्ध गराई व्यवसायिक कृषि कार्यका लागि उत्प्रेरित गरिनेछ ।

२४. सामुदायिक वन, शिवपुरी राष्ट्रिय निकुञ्जसँग जोडिएका वडाहरूको बस्तीहरूलाई पकेट क्षेत्र बनाई मौरी पालन समूह निमार्ण गरी मौरी पालन व्यवसाय प्रवर्द्धन गरिनेछ ।

२५. नगर क्षेत्रभित्र हरेक घर परिवारबाट उत्सर्जन हुने कुहिने फोहोर (Organic Waste) बाट कम्पोष्ट मल बनाउनको लागि ७५ प्रतिशत अनुदानमा कम्पोष्ट बिन लगायतका सामाग्रीहरू उपलब्ध गराइनेछ । साथै उक्त फोहोरबाट परिणत भएको कम्पोष्ट मल अर्गानिक कौशि खेतीमा प्रयोग हुने व्यवस्था मिलाईनेछ ।

२६. कृषि/तरकारी खेतीमा रासायनिक विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै लगिनेछ र विकल्पको रुपमा जैविक मल/जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

२७. पर्याप्त जग्गा जमिन भएका कृषकहरुलाई विभिन्न किसिमका फलफुल, औषधीजन्य गुण भएका बोटविरूवाहरू अनुदानमा उपलब्ध गराईनेछ । साथै नगरपालिका भित्रका सार्वजनिक जग्गा, नदी तथा सडक किनारा, पार्क, उद्यान, विद्यालय लगायतका स्थानहरूमा उपयोगी बोटविरूवाहरू वृक्षारोपण तथा संरक्षण गरिनेछ ।

२८. खाद्यान्न, तरकारी तथा दुधजन्य र मासुजन्य पदार्थको शुद्धतामा विशेष जोड दिइनेछ, यसका लागि नियमित रुपमा मासिक मूल्य सङ्कलन तथा अनुगमनलाई प्रभावकारी बनाईनेछ ।

२९. किसानहरूको उत्पादनलाई बजारीकरणको लागि संघ/संस्थाहरूको समन्वयमा हाट बजारको सम्भाब्यता अध्ययन गरी हाटबजार स्थापना गरिनेछ ।

३०. दुध, अण्डा, मासु उत्पादनमा आत्मनिर्भर बनाउन एवम् थप कृषकहरुलाई स्वरोजगार बनाउन विभिन्न पशुपंक्षी प्रबर्द्धन कार्यक्रम, बाँझोपन निवारण शिविर र अनुदानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३१. नगरमा रहेका पशुपालक तथा कृषकहरुलाई सेवा प्रवाह गर्न आवश्यक औजार एवम् उपकरणको खरिद गरी वितरण गरिनेछ । औषधी, उपचार, भ्याक्सिन सेवा, घाँसको बीउ वितरण एवम् कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै प्रविधिजन्य उपकरण तथा सामाग्रीहरुमा ५०% अनुदान प्रदान गरिनेछ।

३२. उपभोक्ताहरुले स्वच्छ दुध र मासु उपभोग गर्न पाउन भन्ने उद्देश्यले वडामा दर्ता भएका तथा स्थायी वसोबास गरी मासु र डेरी पसल सञ्चालन गर्नेहरुलाई ७५% लागत साझेदारीमा कार्यक्रम सञ्चालनमा सहयोग गरिनेछ।

३३. विश्व स्वास्थ्य संगठन को सन् २०३० सम्म मानिसमा जनावरको टोकाईबाट सर्ने रेबिज रोग, पि.पि.आर., खोरेत लगायतका संक्रामक रोगहरूको रोकथामका लागि भ्याक्सिनेसन कार्यक्रम तथा सामुदायिक कुकुरको संख्या न्यूनीकरण गर्न बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ । रेबिज रोगको शङ्का भएका कुकुर तथा अन्य पशुको नमूना सङ्कलन, परिक्षण तथा निदान लगायतका कार्यहरू गर्न सम्बन्धीत क्षेत्रमा अनुभवी गैर सरकारी

संघसंस्थाहरूसँग समन्वय तथा साझेदारी गरिनेछ । छाडा पशु र मृत जनावरको उचित व्यवस्थापन गरिनेछ ।

३४. जुनोटिक रोग, सूचीकृत तथा सीमा विहिन रोग, विषादी र एन्टीवायोटिक रेसिष्टेन्स तथा एक स्वास्थ्य नीति सम्बन्धी विषयमा जनचेतना अभिवृद्धि गर्न नगरपालिकाको स्वास्थ्य शाखासँग समन्वय तथा सहकार्य गरी गोष्ठी/अन्तरक्रिया/ सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३५. नगरपालिकाबाट अनुदान तथा सहुलियत राहत लिई कार्यक्रम सञ्चालन भएका सबै कार्यहरुको सघन अनुगमन गरिनुका साथै तोकिएको लक्ष्य, उद्देश्य बमोजिम कार्य नभएको पाईएमा प्रचलित कानून बमोजिम कारबाही गरिनुका साथै निजहरूको नाम कालोसूचीमा राखी नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने अन्य सेवा सुबिधाबाट समेत बञ्चित गरिनेछ ।

## ग. <u>उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन</u>

३६. नागार्जुन नगरपालिका क्षेत्रभित्र उद्यम/व्यवसाय गर्न चाहने युवा, महिला, वैदेशिक रोजगारीबाट फर्केका युवा तथा उद्यमीहरुलाई प्रोत्साहन गर्न नगरपालिकाले नेपाल सरकार, युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँगको साझेदारीमा मेयर उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

३७. नवउद्यमी सिर्जना तथा विद्यमान उद्यमीको स्तरोन्नतीको विस्तार र उत्पादकत्व वृद्धिका लागि उद्यमीहरुलाई लागत साझेदारीमा प्रविधि हस्तान्तरण गरिनेछ ।

३८. नगरभित्रका समस्याग्रस्त उद्योगी व्यावसायीहरुको पहिचान गरी विभिन्न कारणले रुग्ण अवस्थामा पुगेका उद्योग व्यावसायहरुको पुनःउत्थान गर्न प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३९. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । स्थानीयस्तरमा लघु उद्यमीहरुद्वारा उत्पादित वस्तुहरुको बजारीकरणका लागि माग र आवश्यकताका आधारमा उपयुक्त ठाँउमा साझा सुविधा केन्द्रको स्थापना गर्न पहल गरिनेछ ।

४०. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत लघु, घरेलु तथा साना उद्यमीहरुको लागि मागमा आधारित उद्यमशिलता तथा क्षमता विकासको लागि आवश्यक सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ ।

४१. श्रमको सम्मान गर्ने परिपाटीको विकास गरी गरिबी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्नका लागि नगरपालिकास्तरीय साना तथा ठूला आयोजनाहरुको कार्यान्वयनको क्रममा सूचिकृत बेरोजगारहरुलाई काममा प्राथमिकता दिन प्रयास गरिनेछ ।

४२. बैदेशिक रोजगारीबाट फर्केका तथा रोजगारी गुमाएका युवाहरुको लागि सीप र दक्षता अनुसारको रोजगारी तथा स्वरोजगारका लागि सरोकारवाला निकायसँग समन्वय र सहकार्यमा उपयुक्त वातावरणको सृजना गरिनेछ ।

४३. उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा कायम गर्दै उपभोग्य वस्तु तथा सेवाको आधारभूत गुणस्तर एवम् सम्बद्ध विषयहरूमा नियमन गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाईनेछ ।

## घ. <u>सहकारी</u>

४४. सहकारी मूल्य मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाहरुको सञ्चालन, प्रवर्द्धन, एकिकरण तथा नियमन गरिनेछ ।

४५. सहकारी संस्था मार्फत हुने वित्तिय कारोवार तथा सहकारी संस्थामा रहेको सर्वसाधारण जनताको बचत रकम सुरक्षित र भरपर्दो बनाउन नियमित रुपमा नियमन तथा अनुगमनको व्यवस्था मिलाईनेछ ।

४६. नगरपालिकाको कार्यक्षेत्रभित्र सञ्चालित सबै प्रकृतिका सहकारी संस्थाहरुको अभिलेख अद्यावधिकरणका लागि वर्गिकृत रुपमा COPOMIS मा आधारित मासिक/चौमासिक र वार्षिक प्रतिवेदन प्रणालीलाई संस्थागत गरिनेछ।

४७. सहकारी संस्थाहरुको नियमित रुपमा प्रगति विवरण, लेखापरीक्षण र साधारणसभा समयमा गर्नको लागि अभिप्रेरित गरिनेछ । नियमित रुपमा प्रगति विवरण पेश गर्नेलाई पुरस्कृत र नगर्नेलाई कानूनको दायराभित्र ल्याई समग्रमा सहकारी सुशासन कायम गर्न प्रशिक्षण, प्रवर्द्धनमा जोड दिईनेछ ।

४८. सहकारी संस्थामा सुशासन कायम गर्न बचतकर्ता र संस्था बिचको सदासयतापूर्ण विश्वास र सम्बन्ध स्थापनाका लागि ऋण व्यवस्थापन तथा PEARLS (पर्ल्स) विश्लेक्षण, COPOMIS (कोपोमिस), सम्पत्ति शुद्धिकरण, लेखा व्यवस्थापन लगायत आवश्यक विविध किसिमका तालिमहरु प्रदान गरिनेछ ।

४९. नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र सञ्चालित सहकारी संस्थाहरुको व्यवसायिक क्षमता अभिवृद्धिको लागि सरोकारवाला निकायसँग समन्वय गरी संस्थागत सवलिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

५०. नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई व्यवस्थित गर्नको लागि सहकारी प्रवर्द्धन तथा समन्वय समिति गठन गरिनेछ ।

५१. संकटग्रस्त सहकारी संस्थाहरुलाई संघ, प्रदेश र नगरपालिकाको समन्वयमा प्रभावकारी व्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका लागि आवश्यक कार्य गरिनेछ ।

५२. आर्थिक तथा सामाजिक विकासका लागि ३ खम्वे अर्थ नीतिको सारलाई ग्रहण गर्दै सहकारी क्रियाकलापलाई सोही अनुरुप अगाडि बढाउन नगरपालिकाले उत्प्रेरकको भूमिका निर्वाह गर्नेछ ।

५३. नागार्जुन नगरपालिकामा रहेका सहकारी संस्थाहरुलाई नगरवासी र समुदायप्रतिको सामाजिक उत्तरदायित्व प्रवर्द्धन गराउन सहकारी संघ तथा सहकारी अभियान सम्बद्ध संस्थाहरुको सहकार्यमा सामाजिक उत्तरदायित्व अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

## ङ. <u>कला, सँस्कृति तथा पर्यटन प्रवर्द्धन</u>

५४. नगरस्तरीय पर्यटनसँग सम्बन्धीत गौरवका आयोजनाहरु, ऐतिहासिक महत्वका स्मारक, धार्मिकस्थल, जलाधार संरक्षण लगायत आयोजनाहरूको सम्भाव्यता अध्ययन एवम् प्राथमिकता निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

५५. नागार्जुन नगरपालिकामा पूर्वाधार सहितको पर्यटन विकासको लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन गुरु योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५६. नगरपालिका क्षेत्र भित्र प्रचलित ऐतिहासिक तथा धार्मिक महत्वको जात्रा, उत्सव, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, भौतिक एवम् अभौतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन एवम् अन्तर पुस्ता हस्तान्तरणलाई प्राथमिकता दिईनेछ ।

५७. नगरपालिका भित्रका मठमन्दिर, गुफा र अखडाहरूमा बस्ने साधुसन्त फकिरका लागि औषधी उपचारको व्यवस्थापन र आफन्त नभएका असहाय, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि पुर्नस्थापना केन्द्र स्थापना गरिनेछ । नगरपालिकामा रहेका पण्डित पुरोहित ज्योतिषीहरूको अभिलेख राखी सम्मानपूर्वक सेवाको अवसर दिई स्तरोन्नति प्रशिक्षणको व्यवस्था गरिनेछ ।

५८. नागार्जुन नगुरपालिकामा अवस्थित आदेश्वर महादेव मन्दिरको विस्तृत गुरू योजना अनुसार पुनः निर्माण तथा स्तरउन्नति कार्य अगाडि बढाईनेछ । साथै काठमाडौंका चार नारायणमध्येका कान्छा नारायणका नामले परिचित इचंगुनारायण मन्दिरको पुनः निर्माण कार्यलाई पूर्णता दिईनेछ ।

५९. नागार्जुन नगरपालिकाका बाणभञ्याङ्ग, भिमढुंगा, रामकोट, स्वीजरल्याण्ड पार्क, सेतो गुम्बा, इचंगुनारायण मन्दिर हुँदै बाइसधारा, वडा नं. १ को पचली भैरव मन्दिर देखि जामाचो, थाप्ले, वडा नं. १ रानीवन क्षेत्रमा पर्यटन बोर्ड तथा अन्य संघ तथा प्रदेश सरकारका निकायहरूसँगको सहकार्यमा पदमार्ग तथा हाइकिङ्ग मार्ग निर्माण गरिनेछ ।

६०. दीर्घकालीन रूपमा सार्वजनिक निजी साझेदारी (Public Private Partnership) मोडेलको रूपमा जामाचो आवात जावत गर्न केबलकार सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ ।

६१. नगरको सम्पतिको रूपमा रहेका भाषा, कला संस्कृति, गुठी भेषभुषा, चाडपर्व, स्थानिय जात्रा, जनजातिको पहिचान, गरि त्यसको संरक्षण र सम्वर्द्धन एवम् विकास गरि राष्ट्रियस्तरमा प्रचार प्रसार गरिने छ ।

६२. नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक, पुरातात्विक, ऐतिहासिक तथा परम्परागत शैलिका सम्पति जस्तै, मठ-मन्दिर, फल्या, पाटीपौवा, गुम्वा, ऐतिहासिक स्थल, पोखरी, पुरानो लिपि, शिलालेख, ग्रन्थ, आदिको पहिचान गरि संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

६३. नागार्जुन नगरपालिका क्षेत्रभित्र साहसिक पर्यटन जस्तैः- पदयात्रा, Bunjee Jumping, Cycling, Jeep safari, चट्टान आरोहण, Paragliding, canyoning, Marathon दौड सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

६४. विशेष गरी बसन्त ऋतुमा नागार्जुन नगरपालिकाका छापे चौर (स्वीजरल्याण्ड पार्क), इचंगु जामाचो क्षेत्रमा लालिगुराँस र शरद ऋतुमा वडा नं. ३, ६ र ८ मा व्यवसायिक फूल खेती

फूल फुल्ने क्षेत्रहरूलाई पर्यटनसँग आवद्ध गरी स्थानीय जनताको आय आर्जनमा समेत टेवा पुर्याईनेछ ।

६५. नागार्जुन नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानका प्राचीन तथा स्थानीय नाम लोप हुँदै गएको सन्दर्भमा त्यस्ता स्थलहरूको पहिचान गरी सम्बन्धीत स्थलहरूमा सवैले देख्ने गरी नगरपालिकाको सम्पूर्ण वडा तथा टोलहरूमा नामाङ्कन तथा प्रचारप्रसार गरिनेछ ।

६६. आन्तरिक तथा बाह्य पर्यटकको आगमनको सहजताको लागि प्रमुख चोक, प्रवेश स्थल वा अन्य ठाउँमा नक्सा सहितको सूचना राखिनेछ । साथै पर्यटकीय पूर्वाधार विकास तथा पर्यटन क्षेत्रका लागि दक्ष जनशक्ति उत्पादनमा जोड दिईनेछ ।

६७. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका होमस्टेहरूको न्यूनतम मापदण्डको कार्यान्वयन गरी सेवाप्रवाहलाई गुणस्तरीय एवम् ग्राहकमुखी बनाउन अनुगमन, नियमन तथा क्षमता विकासमा जोड दिईनेछ।

६८. नगर भित्र रहेका सम्पदा, पदमार्ग, पर्यटकीय गतिविधि, ऐतिहासिक र धार्मिक क्षेत्रको प्रचार प्रसारमा विशेष जोड दिई तारे होटेल, विमान कम्पनी, ट्राभल एजेन्सी, पर्यटन मन्त्रालय र अन्य पर्यटन संस्थाहरु (NTB, HAN, NATTA, TAAN, NARA र अन्य) सँग समन्वय गरी वृत्तचित्र, Vlog, सामाजिक सञ्जाल आदिमा उक्त गन्तव्य स्थानहरूको चिनारी, महत्व तथा तस्वीरहरु समावेश गरी प्रचार प्रसार गरिनेछ ।

६९. नगरपालिका भित्र रहेका सम्पदाहरूका प्राचीन गाथा, इतिहास तथा महत्वको प्रचारप्रसार तथा पुस्तान्तरणका लागि QR Code को प्रयोग गरी पढ्न सुन्न तथा देख्न मिल्ने गरी अध्ययनको प्रबन्ध गरिनेछ जसले गर्दा नागार्जुनको इतिहास, सभ्यता तथा मौलिकताको जगेर्नाको साथै सम्पदा संरक्षण तथा प्रचारप्रसार गरिनेछ ।

७०. नगरपालिकाले स्थापना कालदेखि प्रचारमा ल्याईएको नारा "समृद्ध नागार्जुनको आधार, पर्यटन सहितको पूर्वाधार" को सार्थकतालाई स्थापित गर्न नागार्जुन नगरपालिकालाई धार्मिक, साँस्कृतिक, प्राकृतिक र ऐतिहासिक गन्तव्य स्थलको रुपमा अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार गरिनेछ ।

## २. सामाजिक विकास

### क. <u>शिक्षा, युवा तथा खेलकुद</u>

७१. चालू शैक्षिक सत्रबाट प्रारम्भ गरिएको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी संवैधानिक मौलिक हक कार्यान्वयनमा जोड दिँदै सबै वालवालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित गरी विद्यालय शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधि मैत्री बनाउँदै लगिनेछ । त्यसका लागि सामुदायिक विद्यालयहरूलाई दिईदै आएको शिक्षण सिकाई सहयोग अनुदान कार्यक्रमलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाईनेछ ।

७२. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा सञ्चालन गरिदै आएको दिवा खाजा कार्यक्रममा प्रति विद्यार्थी रू.१०/- थप गरिनेछ । साथै दिवा खाजा कार्यक्रमलाई स्वच्छ, स्वस्थ र गुणस्तरीय बनाउन नियमनलाई प्रभावकारी बनाईनेछ ।

७३. सबै नागरिकका लागि अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गरिनेछ ।

७४. प्राविधिक,व्यावसायिक, सीपमूलक, रोजगारीमूलक एवम् जनमुखी शिक्षाको विकास गर्दै लैजाने, साथै सामुदायिक विद्यालयको गुणस्तर बृद्धि गरी निजी विद्यालयसँग प्रतिस्पर्धा गर्ने वातावरण सृजना गरी निजी लगानीका विद्यालयहरुको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई शिक्षा क्षेत्रलाई सेवामूलक क्षेत्रमा रुपान्तरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

७५. प्रधानाध्यापक तथा शिक्षकसँग नतिजामा आधारित कार्यसम्पादन करार गरी सिकाई उपलव्धि बृद्धिमा जोड दिई कक्षाकोठाको शिक्षण सिकाईलाई वालमैत्री तथा आधुनिक प्रविधि मैत्री बनाउदै लैजाने तर्फ कार्यक्रमहरु लक्षित गरिनेछ। सामुदायिक विद्यालयका हरेक कक्षाहरुमा डिजिटल पूर्वाधार युक्त बनाउँदै लगिनेछ।

७६. शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु एवं बालविकास तर्फका सहयोगी कार्यकर्ताहरुको क्षमता अभिबृिद्धि गर्न पुर्नताजगी तालिमको व्यवस्था गरिनेछ।

७७. प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहन गरी सबै उमेर समूहका वालवालिकाहरुको खेलकूदमा सहभागिताको व्यवस्था मिलाईनुको साथै स्काउटको संरचनालाई विकास तथा विस्तार गरिनेछ।

७८. संस्थागत विद्यालयहरुको ग्रेडिङ्ग गरी नगरपालिकाको सिफारिसमा लक्षित समुदायका बालबालिकाहरुलाई ऐन, नियमावली तथा मापदण्डले तोकेको कोटामा निःशुल्क अध्ययन गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

७९. सामुदायिक शिक्षकहरुको क्षमता वृद्धि गर्ने र प्रोत्साहनको लागि नतिजाको आधारमा उत्कृष्ट शिक्षकको पहिचान गरी वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

८०. नगरपालिकाका विपन्न परिवारका मेधावी विद्यार्थीलाई उच्च प्राविधिक शिक्षा, चिकित्सा, इन्जिनियरिङ्ग, विज्ञान तथा प्रविधि जस्ता विषयमा अध्ययनको अवसर दिन वार्षिक कोटा निर्धारण गरी छात्रवृत्ति प्रदान गर्ने व्यबस्था मिलाईनेछ ।

८१. सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापक, विद्यालय कर्मचारी, बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, सामुदायिक सिकाई केन्द्रका परिचालक तथा विद्यालय सुरक्षाको कार्यमा खटिने कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ ।

८२. विद्यालयमा आर्थिक प्रशासनलाई चुस्त, व्यवस्थित, पारदर्शी, जवाफदेही बनाउँदै वित्तीय सुशासन कायम गरिनेछ । सामुदायिक विद्यालयको सम्पत्तिको संरक्षणका लागि विद्यालयको स्वामित्वमा रहेका जग्गाहरूको अभिलेख व्यवस्थित रुपमा राखिनेछ।

८३. विद्यालय तहदेखिनै खेल प्रतिभा प्रस्फुटनको लागि खेलमैत्री वातावरण निर्माणमा जोड दिइ स्वच्छ र अनुशासित नागरिक तयारीमा जोड दिइनेछ।

८४. सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षण सिकाइको वातावरण निर्माण गर्न विषयगत शैक्षिक सामग्री व्यवस्थापनका लागि अनुदान उपलव्ध गराइनेछ।

८५. कक्षा १ देखि ८ को स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउनको लागि स्थानीय विषयको पाठ्यपुस्तक निःशुल्क रूपमा वितरण गरिनेछ ।

८६. सबै विद्यालयलाई स्वच्छसफा र हरित विद्यालयका रूपमा विकास गर्न विद्यालयहरूलाई फोहोरमैला व्यवस्थापन र वृक्षारोपण गर्नको लागि प्रोत्साहन गरिनेछ ।

८७. स्वरोजगारमुखी र दक्ष जनशक्ति उत्पादनका लागि सबै माध्यमिक विद्यालयमा वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालन गरिनेछ । साथै संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा लामो अवधिका युवा स्वरोजगारमुखी पेशागत तालिमहरू सञ्चालन गरिनेछ ।

८८. नगरपालिकाको खेलकुद क्षेत्रसँग सम्बन्धीत नीति निर्माण, नगरले आयोजना गर्ने विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरू तथा समग्रमा नागार्जुन नगरपालिकामा खेलकुद क्षेत्रको विकास र विस्तारका लागि गठित नगर खेलकुद विकास समितिसँग समन्वय गर्दै खेलकुद विकास समितिको संस्थागत विकासमा जोड दिईनेछ ।

८९. नगरवासीहरूको आत्मसम्मान, नगरको पहिचान तथा गौरव एवम् भावनात्मक एकता प्रवर्द्धनका लागि खेलकुद क्षेत्रलाई महत्वपूर्ण आयामको रूपमा विकास गरिनेछ ।

९०. नागार्जुन नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न खेल (फुटबल, फुटसल, तेक्वान्दो, कराँते, टेबलटेनिस, बक्सिङ्ग) सँग सम्बन्धीत खेलमैदान, पिच, कभर्ड हल लगायतका खेल पूर्वाधारहरूको स्तरोन्नति गरिनुका साथै विभिन्न संघसंस्थाहरूको साझेदारीमा उल्लेखित खेल पूर्वाधारहरू सञ्चालनमा ल्याईनेछ ।

९१. नेपालमा पछिल्लो समय अत्यन्त लोकप्रिय खेलको रूपमा चर्चा बटुलेको क्रिकेट खेलको विकासका लागि स्थानीयस्तरमा खेलाडी उत्पादन एवम् अभ्यासका लागि पिच निर्माण, प्रशिक्षण लगायतका विषयहरूमा नेपाल क्रिकेट संघसँगको सहकार्यमा सम्भाव्यता अध्ययन तथा कार्य अगाडि बढाईनेछ ।

९२. खेलकुद क्षेत्रको विकास र विस्तारका लागि नगरपालिकाको स्थापना दिवस तथा अन्य महत्वपूर्ण अवसरहरूमा अन्तर नगर खेलकुद प्रतियोगिता, अन्तर वडा खेलकुद प्रतियोगिता, नगरपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, अन्तर बिद्यालय खेलकुद प्रतियोगिता, जनचेतना एवम् सन्देश मूलक कार्यका लागि समेत विभिन्न मैत्रीपूर्ण खेल कार्यक्रमहरू आयोजना गरिनेछ ।

९३. विभिन्न संघसंस्था, क्लब, सामाजिक संघसंस्थाहरूले आयोजना गर्ने विभिन्न प्रकृतिका अन्तराष्ट्रिय तथा राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा स्रोत साधन तथा खेलको महत्वलाई समेत मध्यनजर गरी आवश्यकता अनुसार प्रायोजन, आर्थिक एवम् वस्तुगत सहायताको माध्यमबाट उत्प्रेरित गरिनेछ ।

**ख. स्वास्थ्य**

९४. नगर अस्पतालको सेवालाई थप प्रभावकारी बनाउदै स्वास्थ्य बिमा कार्यक्रम मार्फत विशेषज्ञ सुविधा थप गर्दै लगिनेछ । सो कार्यको लागि आवश्यक अत्याधुनिक औजार उपकरण, जनशक्ति तथा भौतिक पुर्वाधारको थप व्यवस्थापन गरिनेछ । सबै नगर बासीहरूको स्वास्थ्य बिमामा पहुँच अभिवृद्धि गर्न नगरपालिका क्षेत्रभित्रका सबै स्थायी बासिन्दा परिवारहरूका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

९५. निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई करसँग आवद्ध गरिनेछ । नगरवासीहरूले उक्त आ.व.मा नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर/राजश्व तिरी सकेपछि स्वतः स्वास्थ्य बिमा नविकरण हुने व्यवस्था मिलाईनेछ ।

९६. नगर बासिहरुका लागी नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा निःशुल्क रगत उपलब्ध गराउदै आएकोमा उक्त कार्यक्रमलाई यस वर्ष समेत निरन्तरता दिइनेछ । ब्लड बैंकमा रगतको उपलब्धता बढाउन स्थानीय संघसंस्था लगायत सरोकारवाला निकायहरूसँगको सहकार्यमा आवधिक रुपमा सबै वडाहरुमा रक्तदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९७. नागार्जुन नगर अस्पताल तथा नगर अन्तर्गतका स्वास्थ्य संस्थाहरूको न्यूनतम सेवा मापदण्ड (MSS) सम्बन्धमा अध्ययन विश्लेषण गरी न्यूनतम मापदण्ड पुर्याउन सम्बन्धीत स्वास्थ्य संस्थाहरूको भौतिक वातावरण, जनशक्ति, उपकरण, सरसफाई लगायतका विषयहरूमा आवश्यक सुधार गरिनेछ ।

९८. नगर एम्बुलेन्स र शव-वाहनबाट नगरबासीहरूलाई निःशुल्क सेवा प्रदान भइरहेको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९९. जनस्वास्थ्य कार्यालयको सहयोग र सहकार्यमा नगर स्तरिय आपतकालिन स्वास्थ्य योजना तयार गरी लागू गरिनेछ ।

१००. मौसम अनुसार हुने बिभिन्न प्रकारका सरुवा रोगको प्रकोप तथा माहामारी व्यवस्थाको लागी गर्नु पर्ने आवश्यक प्रतिकार्य योजना, कार्यक्रमको व्यवस्था गरिनेछ ।

१०१. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलब्ध गराउँदै आइरहेको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ ।

१०२. प्रत्येक वडा स्थित स्वास्थ्य संस्थाहरुमा वितरण गर्न तोकिएका ९८ प्रकारका सबै औषधि उपचार तथा जनस्वास्थ्य लक्षित कार्यक्रम हरु सञ्चालन गर्न आवश्यक औषधि, औजार उपकरण सामाग्रीको व्यवस्थापन गरिने छ ।

१०३. सबै बालबालिकाहरुलाई खोपको पुर्णमात्रा लगाउन प्रत्येक वर्ष पुर्णखोप घोषणा गर्न आवश्यक क्रियाकलाप तथा कार्यक्रमहरुको व्यवस्थापन गरिने छ ।

१०४. कडा तथा दिर्घ रोगहरु जस्तै मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्डका पक्षघातका बिरामीहरुलाई दिइदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ।

१०५. अल्ट्रासाउण्ड (भिडियो एक्सरे) को सहायताले गर्भवती महिलाहरुको समयमै जटिलता पत्ता लगाई मातृ तथा नवशिशुको मृत्युदर घटाउनकोलागी हाल भिमढुंगा स्वास्थ्य चौकीमा सञ्चालन भईरहेको अल्ट्रासाउण्ड कार्यक्रमलाई सबै वडा स्थित स्वस्थ्य संस्थाहरुमा क्रमश बिस्तार गरिदै लगिने छ ।

१०६. नगरबासीहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै नसर्ने रोगहरूको रोकथामका लागि व्यायम, योगाभ्यास, शारीरिक कसरतको महत्वपूर्ण भूमिका हुने हुँदा हरेक वडा अन्तर्गतका खुल्ला क्षेत्र, पार्क लगायत उपयुक्त स्थानमा खुल्ला व्यायमशाला निर्माण गरी सञ्चालनमा ल्याईनेछ ।

१०७. विश्वमा बढ्दै गई रहेको आत्महत्या दर, मानसिक स्वास्थ्य समस्या, डिप्रेशन, लगायतका रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

१०८. वैकल्पिक चिकित्साको रूपमा आयुर्वेद उपचार पद्धतिलाई संस्थागत गर्ने प्रवन्ध मिलाईनेछ । नगरपालिका परिसरमा स्थापित आयुर्वेद औषधालयको संस्थागत क्षमता विकासमा ध्यान दिईनेछ । उक्त औषधालयबाट प्रवाह हुने सेवाहरूको विस्तार गरिनेछ ।

१०९. आयुर्वेद शाखाबाट निरन्तर रूपमा सञ्चालन हुँदै आएका स्तनपायी आमा, जेष्ठ नागरीक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, स्थानीय जडीबुटी चिनारी गर्न जनचेतनामूलक कार्यक्रम, निःशुल्क औषधि वितरण लगायतका कार्यक्रमहरूलाई निरन्तरता दिईनेछ ।

११०. समुदायस्तरबाट सञ्चालित योग ध्यान लगायतका सकारात्मक कार्यक्रमहरूलाई प्रोत्साहित गरिनेछ । धन्वन्तरी जयन्ती, राष्ट्रिय तथा अन्तराष्ट्रिय योग दिवसका अवसरमा विविध रचनात्मक कार्यक्रमहरू मार्फत योग ध्यान, प्राणायम लगायतका कार्य प्रचारप्रसार गरिनेछ ।

१११. विभिन्न संघसंस्था तथा निकायद्वारा यस नगरपालिका क्षेत्रभित्र आयोजना गर्ने स्वास्थ्य शिविर, रक्तदान लगायतका कार्यक्रमहरूलाई प्रोत्साहन गरिनेछ । आवश्यकता अनुसार यस्ता कार्यक्रमहरूमा साझेदारी गर्ने नीति लिईनेछ ।

## ग. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण एवम् लक्षित वर्ग

११२. महिला, बालबालिका अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिहरुको हक अधिकार सुनिश्चित गर्न लक्षित वर्गको सीप विकास, क्षमता विकास, उद्यम सहायता, स्वरोजगारी तथा सशक्तिकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११३. नागार्जुन नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने बालबालिकाहरूमा देखा पर्ने अटिजम, डाउन सिन्ड्रोम, बौद्धिक अपाङ्गता (सि.पि.) लगायत फरक क्षमता भएका बालबालिकाहरूको पढ्न पाउँने अधिकार सुनिश्चितताका लागि निजहरूको अविभावकहरूले माग गरे बमोजिम एक छुट्टै थेरापी सेन्टर तथा विद्यालयको स्थापना गरी बालबालिकाहरूलाई विद्यालयसम्म आवातजावतका लागि सवारी सेवा समेतको व्यवस्था मिलाईनेछ । साथै अटिजम, डाउन सिन्ड्रोम, बौद्धिक अपाङ्गता (सि.पि.) भएका व्यक्तिहरूका लागि मासिक रू.२,०००/- (दुई हजार) मात्रका दरले स्याहार सुसार खर्च उपलब्ध गराईनेछ ।

११४. नागार्जुन नगरपालिकालाई मिति २०८२ साल माघ १ गतेभित्र बालमैत्री नगरपालिका घोषणा गर्नको लागि आवश्यक नीति, कार्यक्रम, योजना तर्जुमा, वित्तीय व्यवस्थापन लगायतका क्रियाकलापहरू थालनी गरिनेछ ।

११५. अपाङ्गता भएका व्यक्तिहरु तथा अभिभावकहरुलाई सीप विकास, मनोविमर्श कार्यकम, सहायक सामाग्री वितरण तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

११६. लैङ्गिक, जातिय, भाषिक, धार्मिक, शारिरीक बनावट लगायत विभिन्न आधारमा हुने सवै खालका विभेदलाई अन्त्य गर्दैं सवै किसिमका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण तथा वित्तीय साक्षरता, कानूनी साक्षरता, सशक्तिकरणका साथै समाजमा व्याप्त

अन्धविश्वास, कुरुती, बोक्सी प्रथा, छुवाछुत प्रथा तथा बाल हिंसा बालविवाह जस्ता विकृति हटाउन सचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११७. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने ज्येष्ठ नागरिकहरुलाई मनोविमर्श, सम्मान कार्यक्रम, धार्मिक भ्रमण, ज्येष्ठ नागरिक दिवा केन्द्र स्थापना, ज्येष्ठ नागरिकसँग भएको ज्ञान सीप अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने र ज्येष्ठ नागरिकहरुलाई नेपाल सरकारले दिएका सेवा सुविधाका बारेमा पकेट डायरी तयार गरी वितरण गरिनेछ ।

११८. महिला उद्यमीहरुलाई प्रोत्साहन हुने गरी विभिन्न किसिमका प्रदर्शनी, मेला आयोजना गरी उत्पादित वस्तु तथा सामाग्रीहरूको बजारीकरणलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११९. सुरक्षा निकायसँगको साझेदारीमा सूचना र प्रविधिको नकरात्मक प्रयोगले समाजमा हुने विभिन्न किसिमका विकृतिहरु हुन नदिन बालबालिकाको लागि विद्यालय स्तरमा बाल विवाह, दुर्व्यसन, साईवरक्राइम सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२०. हिंसामा परेका महिलाहरुको लागि तत्काल राहात उपलब्ध गराउनका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनेछ ।

१२१. किशोरकिशोरीहरुको आत्म विश्वास तथा मनोबल अभिवृद्धि गर्नका लागि जीवनउपयोगी सीप तथा आत्मरक्षा सबन्धी तालिम सञ्चालन गरिनेछ ।

१२२. बाल क्लव तथा बाल संजाललाई बाल अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१२३. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरूको तथ्याङ्क अभिलेखीकरण गरी अध्यावधिक गरिनेछ ।

१२४. लैङ्गित उत्तरदायी बजेट नीति अनुसार नगरका सबै नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक परीक्षण र झुकावको विश्लेषण सहित विभाजन गरिनेछ।

१२५. महिला, जनजाति, दलित बालबालिका र फरक क्षमता जेष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न लैङ्गिक तथा सामाजिक समावेशीकरण नीतिले सिफारिस गरेका सबै कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

१२६. वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जुमा देखि अनुगमन मूल्याङ्कनसम्म वस्ति तथा समुदाय स्तरमा सहजीकरण गरिनेछ ।

१२७. मानव संशाधन विकासको लागि दलित, महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई प्राथमिकता दिईनेछ ।

१२८. दलित, आदिबासी जनजाति तथा ज्येष्ठ नागरिकहरूसँग विद्यमान परम्परागत, रैथाने सीप, क्षमता, अनुभव तथा ज्ञानलाई आधुनिक परिवेश अनुसार रूपान्तरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१२९. स्थानीय तहमा क्रियाशिल गैर सरकारी संघसंस्था/विकास साझेदारहरुसँग उपलब्ध ज्ञान, सीप, प्रविधि, स्रोतसाधनलाई स्थानीय तहको नीतिगत प्राथमिकतासँग तादाम्यता हुने गरी परियोजना सञ्चालन गर्न उत्प्रेरित गरिनेछ ।

## घ. खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन

१३०. खानेपानी उपभोक्ता समिति मार्फत उपलब्ध हुने पानी सर्वसुलभ, सहज, समानुपातिक र सेवाशुल्कमा एकरूपता कायम गर्ने, एकीकृत खानेपानी आयोजना मार्फत गुणस्तरीय खानेपानी उपलब्ध गराउने विषयहरूलाई कानून तर्जुमा गरी व्यवस्थित गरिनेछ ।

१३१. नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना (Wash Plan) तर्जुमा गरी लागू गरिनेछ ।

१३२. एक घर एक धारा नीति अनुरुप खानेपानीको पहुँच पुग्न नसकेका घरधुरीहरुमा खानेपानी विस्तार कार्यलाई प्रभावकारी बनाईनेछ ।

१३३. "**सफा नागार्जुन, स्वच्छ नागार्जुन**" अभियान सञ्चालन गर्न फोहोरको दिगो व्यवस्थापनको लागि एकीकृत फोहोरमैला व्यवस्थापन कार्य सञ्चालन गरी फोहोरलाई श्रोतमा नै न्यूनीकरणमा जोड दिँदै वर्गीकरण गर्न टोल विकास संस्था, महिला समूह र सरोकारवालाहरु मार्फत अभियान सञ्चालन गरिनेछ ।

१३४. नगरपालिका क्षेत्रभित्र प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै सम्बन्धीत सरोकारवाला, संघ, संस्था, नगरभित्रका उद्यमीहरु र महिला समूहहरुबाट उत्पादित वैकल्पिक झोलाहरूको प्रवर्द्धन गरी नागार्जुन नगरपालिकालाई मिति २०८२ साल वैशाख महिनाभित्र प्लाष्टिक झोलामुक्त नगरपालिका घोषणा गरिनेछ ।

१३५. नगर क्षेत्र भित्र उत्सर्जन हुने फोहोरमैलाको दिगो व्यवस्थापन गर्न सार्वजनिक नीजि साझेदारी अवधारणामा फोहोर व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउने कार्य गरिनेछ ।

१३६. फोहोरमैला व्यवस्थापनमा संलग्न संघसंस्थाका सरसफाइकर्मीहरुको पहिचान गर्दै फोहोर व्यवस्थापनमा सहयोग गरी नगरपालिका सफा, स्वच्छ राख्न पुर्याएको योगदानको सम्मान गरिनेछ ।

१३७. हरित विद्यालयको अवधारणा अनुरुप विद्यालय तह देखि नै बालबालिकामा वातावरण तथा सरसफाई प्रतिको सचेतना विकास गर्नका लागि विद्यार्थीहरुलाई वातावरण संरक्षण तथा सरसफाई सम्बन्धी क्रियाकलापमा सहभागी गराउँदै विद्यालयको वरपरसम्म स्वच्छ र सफा हुनुपर्ने कार्य लागूगरिनेछ ।

१३८. नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक शौचालयहरूको स्तरोन्नति, सरसफाई तथा सुधारात्मक क्रियाकलापहरू सञ्चालन गरिनेछ । भिडभाड बढी हुने तथा आवश्यक स्थानहरूमा विभिन्न संघसंस्थाहरूसँग सार्वजनिक निजी साझेदारीमा सार्वजनिक शौचालयहरू निर्माण, सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

## ३. पूर्वाधार विकास

१३९. नागार्जुन नगरपालिकाबाट तयार हुने नगर यातायात गुरु योजनालाई अन्तिम रूप दिईनेछ । साथै उक्त गुरू योजनाले सिफारीस गरेका विषयहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१४०. नागार्जुन नगरपालिकाबाट कार्यान्वयन हुने पूर्वाधारसँग सम्बन्धीत आयोजनाहरू विपद् जोखिम उत्थानशिल हुने गरी डिजाईन, निर्माण तथा उपयोग गरिनेछ ।

१४१. नागार्जुन नगरपालिकाबाट सार्वजनिक प्रयोजनका लागि भवन निर्माण गर्दा अनिवार्य रूपमा जग्गा प्राप्ति तथा आवश्यकता अनुसार वातावरणीय अध्ययन कार्यलाई प्रभावकारिता साथ कार्यान्वयन गरिनेछ ।

१४२. नागार्जुन नगरपालिका क्षेत्रभित्र निर्माण हुने जाती समुदाय विशेष मन्दिर लगायतका संरचना निर्माण गर्दा यथासम्भव स्थानीय उपभोक्ताहरूकै लगानीमा निर्माण तथा सञ्चालन गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१४३. सार्वजनिक स्थान, पार्क तथा भवन जस्ता संरचना बनाउँदा अनिवार्य रुपमा अपाङ्ग, ज्येष्ठ नागरिक, महिला तथा बालमैत्री हुने गरी निर्माण तथा सञ्चालन गरिनेछ ।

१४४. नगरपालिकाबाट सञ्चालन हुने सार्वजनिक निर्माण कार्य तथा निजी क्षेत्रबाट सञ्चालित हुने पूर्वाधारजन्य निर्माण कार्यमा संलग्न हुने कामदारहरूको सुरक्षाको लागि आवश्यक Personal Protective Equipment(PPE) को प्रयोग अनिवार्य रूपमा गर्नु पर्ने तथा निर्माण कार्यमा खटिने कामदारहरूको सुरक्षा सम्बन्धी विषयमा प्राविधिकहरूबाट अभिमुखिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

१४५. नागार्जुन नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक भवनहरूको अभिलेखाङ्कन, मर्मत सम्भार तथा उपयोगको अवस्था समेत मूल्यांकन गरी त्यस्ता सम्पत्तीहरूको संरक्षण, सम्वर्द्धन तथा उच्चतम नागरिक हितमा प्रयोग हुने गरी व्यवस्था मिलाईनेछ ।

१४६. नागार्जुन नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने समुदायले कम्तीमा ५० प्रतिशत वा सो भन्दा बढी लागत साझेदारीमा सडक,अन्य पूर्वाधार तथा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्ताव पेश गरेमा नगर कार्यपालिकाबाट बाँकी रकम व्यहोर्ने गरी जनसहभागिता समपूरक कोष निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१४७. नगरपालिका क्षेत्र भित्र विकास भएका नयाँ बस्तीहरूमा ढल विस्तार तथा पुराना जीर्ण ढल लाईनहरूको मर्मत तथा पुनः निर्माण गर्न उक्त समुदाय वा टोल विकास संस्थालाई निजहरूको समेत सहभागिता कायम हुने गरी निःशुल्क ढल/पाईप उपलब्ध गराइनेछ ।

१४८. तालिम प्राप्त डकर्मी र प्राविधिकको सुनिश्चित गराएर मात्र भवन निर्माण अनुमति दिने नीति लिईनेछ । साथै नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने निर्माण कार्यलाई गुणस्तरीय बनाउन CTEVT लगायत विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी कामदारहरूको क्षमता विकास कार्यक्रममा जोड दिईनेछ ।

१४९. नगरपालिकाको लगानीमा निर्मित पूर्वाधारहरुको दिगोपनाको लागि मर्मत सम्भारलाई प्राथमिकता दिन मर्मत सम्भार कोष स्थापना गरी नियमित मर्मत सम्भार सञ्चालन गरिनेछ ।

## ४. <u>वन, वातावरण तथा विपद् व्यवस्थापन</u>

१५०. आ.व. २०८१/०८२ भित्र नागार्जुन नगरपालिकाको विपद् जोखिम क्षेत्र नक्साङ्कन सहितको संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी लागू गरिनेछ ।

१५१. नागार्जुन नगरपालिका लगायत विश्वव्यापी रूपमा पर्यावरणीय स्वच्छतामा ह्रास आउँदै गरेको सन्दर्भमा वनजंगल संरक्षण, खोलानाला संरक्षण, वृक्षारोपण, जनचेतना आदि कार्यक्रमलाई जोड दिईनेछ । साथै उक्त कार्य गर्नको लागि नगर भित्र रहेका निजी सामुदायिक/ विद्यालय, सामुदायिक तथा गैर सरकारी संस्था, आदिसँग समेत समन्वय गरी प्रवर्द्धनात्मक तथा सुधारात्मक कार्यहरू सञ्चालन गरिनेछ ।

१५२. नगरलाई वातावरणीय हिसाबबाट उचित स्थान राख्नको लागि उचित फोहर व्यवस्थापन गरिनेछ । साथै वडा नं१ ., २, ३, ५, ६, ७, ८ मा बढि बन – जंगल क्षेत्र भएकाले सामुदायिक वन उपभोक्ता समितिहरू, समुदाय, संघसंस्थाहरूसँग समन्वय गरी फलफुल तथा अन्य उपयोगी विरूवाहरूको वृक्षारोपण गरी वातावरण जोगाउन स्थानीयहरूलाई प्रोत्साहन गरिनेछ ।

१५३. नागार्जुन नगरपालिकाबाट स्थापित स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरिनेछ । आपत्कालीन कार्यसञ्चालन केन्द्र मार्फत विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य तथा पुनस्थापनाका कार्यहरू अगाडि बढाइनेछ ।

१५४. नागार्जुन नगरपालिकालाई आ.व. २०८१/०८२ मा वातावरणमैत्री स्थानीय तह घोषणाको आवश्यक पहल गरिनेछ ।

१५५. वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक समाज तथा निजी क्षेत्र र गैर सरकारी संस्थाहरुको सहभागितामा गठित द्रुत प्रतिकार्य टोली (QRT) हरू क्षमता विकासको लागि तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१५६. नागार्जुन नगरपालिका भित्र आकस्मिक सेवाहरुमा सर्वसाधारणको पहुँच हुने गरी वातावरणीय क्षेत्र प्रवर्द्धनमा बजेट विनियोजन गरिनेछ ।

१५७. वातावरण क्षेत्र प्रवर्द्धनको लागि बाल उद्यान, खुल्ला क्षेत्र, हरियाली क्षेत्र विस्तारका लागि अन्य सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समेत सहकार्य गरिनेछ ।

१५८. नागार्जुन नगरपालिकामा स्थानीय वातावरण ऐन तर्जुमा गरी लागू गरिनेछ ।

## ३. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

### क. सुशासन

१५९. नगरपालिकाको "संगठन तथा व्यवस्थापन सर्वेक्षण" प्रतिवेदन स्वीकृत गरी सेवा प्रवाहलाई प्रभावकारी वनाइनेछ। सोही सर्वेक्षण प्रतिवेदन बमोजिम कार्यरत कर्मचारीहरुको दरबन्दी मिलान गरिनेछ ।संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम जनशक्तिको व्यवस्थापन मिलाई संस्थागत सुदृढीकरण गरिनेछ ।

१६०. सार्वजनिक सेवा प्रवाहमा सरलता ल्याउन र कार्यालय सञ्चालन खर्च घटाई मितव्ययिता कायम गर्न नगरपालिका मातहतका सबै वडा कार्यालय तथा अन्य सस्थाहरुबाट एकीकृत सेवा प्रवाह गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयनमा लगिनेछ ।

१६१. नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई थप प्रभावकारी बनाउन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा वडा सचिवहरु बीचको कार्यसम्पादन करार गरिनेछ । प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा

वडा सचिवहरुसँग जिम्मेवारी अनुरुपको कार्यसम्पादन सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीको विकास गरिनेछ ।

१६२. नगरपालिका र वडा कार्यालयहरुबाट प्रवाह हुने सेवालाई पारदर्शी, जनउत्तरदायी र जवाफदेही बनाउदै भ्रष्ट्राचारमा शून्य सहनशिलता अनुशरण गरिनेछ ।सबै कार्यालयहरुमा गुनासो व्यवस्थापन गर्न गुनासो व्यवस्थापन कक्ष स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१६३. नगरपालिका तथा वडा कार्यालयहरुमा आउने सेवाग्राहीहरुका लागि सुविधा सम्पन्न प्रतिक्षालय, पुस्तकालय, निःशुल्क WIFI, चिया तथा पानीको व्यवस्थालाई निरन्तरता दिईनेछ

१६४. नगरपालिका र अन्तरगतका वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयमा कार्यरत कर्मचारी, स्वास्थ्यकर्मी तथा शिक्षकहरुलाई कार्यरत कर्मचारीहरुलाई अझ वढी उत्प्रेरित गरी कार्यसम्पादन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउनका लागि वृत्ति विकास, पदोन्नति, पुरस्कार र दण्ड सजायको व्यवस्था गरि प्रोत्साहित गर्न मापदण्डको आधारमा सम्मान, पुरस्कार तथा उत्प्रेरणाको उचित प्रवन्ध मिलाई कार्यान्वयन गरिनेछ ।

१६५. नगरपालिकामा कार्यरत सबै कर्मचारीहरुको स्वास्थ्य वीमा कार्यक्रम र करारका कर्मचारीहरुका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोष व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१६६. नगरपालिकालाई अवैतनिक रुपमा सहयोग गर्न इच्छुक विभिन्न विधामा ज्ञान, सीप, दक्षता, अनुभव भएका व्यक्तिहरूबाट नगरको क्षेत्रगत, विषयगत र समग्र विकासका लागि विभिन्न संघसंस्थाका नेतृत्वदायी पदमा रहनु भएका महानुभावहरु, विज्ञहरुको राय परामर्श लिने कार्यलाई उच्च प्राथमिकता दिईनेछ । यसको लागि विज्ञ समिति गठन गरी निरन्तर रुपमा पृष्ठपोषण लिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६७. नगरपालिकामा विभिन्न प्राविधिक शिक्षालय तथा कलेजबाट ओ.जे.टी. गर्न आउने प्रशिक्षार्थीहरुलाई उक्त कार्यमा उत्प्रेरित एवम् प्रोत्साहित गरिनेछ ।

१६८. अन्तर पालिका अनुभव आदान प्रदान, जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तथा सेवा प्रवाहका सम्बन्धमा अन्य पालिकाहरुसँग साझेदारी कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६९. आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न "नेपाल घुमौं, नेपाल चिनौं" भन्ने अभियानका लागि मापदण्ड निर्माण गरी जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न वर्षमा एक पटक पर्यटन काजमा पठाउने व्यवस्थाका लागि पहल गरिनेछ ।

१७०. नगरपालिका कार्यालय तथा वडा कार्यालयहरूको योजना, कार्यक्रमहरूको प्रगति एवम् भावी कार्ययोजनाको बारेमा नगरवासीहरूलाई जानकारीको दिन तथा जनगुनासोको यथाशिघ्र सम्वोधन गर्न सार्वजनिक सुनुवाई कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ । नियमित रुपमा सामाजिक परीक्षण, लेखापरीक्षण, नागरिक सन्तुष्टि सर्भेक्षण, तेश्रो पक्ष मूल्याङ्कन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१७१. नगरपालिका क्षेत्रभित्रको शान्ति सुरक्षा, अनुगमन नियमनलाई प्रभावकारी बनाउन कानून निर्माण गरी नगर प्रहरीको गठन एवम् सञ्चालन गर्न पहल गरिनेछ ।

१७२. नगरपालिका स्थापना भएको दिन मंसिर १६ लाई विभिन्न रचनात्मक क्रियाकलाप सञ्चालन गरी नगर दिवसको रुपमा मनाईनेछ ।

१७३. दिगो विकास लक्ष्यहरूको स्थानीयकरण गरिनेछ । दिगो विकास लक्ष्य हाँसिल गर्ने गरी सबै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रम बीच अन्तर आवद्धता कायम गरिनेछ ।

१७४. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन Local Government Institutional Capacity Self – Assessment(LISA), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (FIDUCIARY RISK ASSESSMENT - FRA) र स्थानीय आर्थिक विकास (Local Economic Development - LED) जस्ता मूल्याङ्कन सूचकहरुमा विगतमा भन्दा उच्च अङ्क प्राप्त गर्ने गरी कार्य सम्पादन गरिनेछ । साथै कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको क्षमता विकास तथा अन्तरपालिका अनुभव आदानप्रदान कार्यक्रमलाई समेत संस्थागत गरिनेछ ।

१७५. नागार्जुन नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक, सामुदायिक तथा पर्ति जग्गाहरूको संरक्षणमा विशेष जोड दिइनेछ । नगरपालिकामा गठन भई क्रियाशिल रहेको सार्वजनिक जग्गा संरक्षण समितिको क्षमता विकास गरिनेछ । यसका लागि मालपोत कार्यालय, नापी कार्यालय, स्थानीय समुदाय, नागरिक समाज, मिडिया तथा सामुदायिक संघसंस्थासँग सहकार्य एवम् सूचना आदानप्रदान गरिनेछ । सार्वजनिक जग्गाहरूको संरक्षण तथा सदुपयोगका लागि उपयुक्तताको आधारमा रिचार्ज पोखरी, खुल्ला व्यायमशाला, पार्क निर्माण तथा खुल्ला क्षेत्र कायम गरिनेछ ।

## ख. <u>सुचना, प्रविधि र सेवा प्रवाह</u>

१७६. “आधुनिक जीवनको आधार, सूचना प्रविधि र संचार” लाई आत्मसाथ गर्दै नगरपालिकाको सम्पूर्ण अनलाईन सेवाहरुलाई एकीकृत स्वचालित प्रणालीमा आवद्ध गरिनेछ । विद्यमान अनलाईन सेवाको गुणस्तर सुधार गरी थप सेवाहरुलाई क्रमशः अनलाईनमा आवद्ध गराउदै सेवामा न्यून कागज प्रयोग (Less Paper Governance) को नीति लिइनेछ । नगरपालिका र वडाहरुबाट हुने सेवा प्रवाहलाई चुस्त, दुरुस्त, प्रविधियुक्त र नागरिकमैत्री बनाउन अनलाईन प्रविधिमा आवद्ध गरी सेवाग्राहीले घर आँगनबाटै सेवा लिन सक्ने प्रणालीलाई विकास र विस्तार गरी क्रमश: Faceless, Cashless र Paperless बनाइनेछ ।

१७७. सूचना तथा सञ्चारको सुरक्षित प्रयोग गरी साईबर अपराधबाट बच्न सूचना तथा संचार प्रविधि, साईबर सुरक्षा, विद्युतीय अपराध जस्ता विषयमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१७८. नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवालाई सूचना प्रविधिमा आधारित बनाउदै विद्युतिय शासन(e-governance) स्थापना गर्न व्यवस्थापन सूचना प्रणाली (Management Information System) निर्माण र कार्यान्वयन गर्न रणनैतिक योजना तर्जुमा गरिनेछ ।

१७९. नगरका गतिविधीहरू नगरवासी समक्ष पुर्याउन नगर बुलेटिन/मुखपत्र/नगरको Website फेसबुक पेज मार्फत प्रकाशन गर्ने र SMS मार्फत लाभग्राहिलाई जानकारी दिने कार्यलाई निरन्तरता दिईनेछ ।

१८०. नगरपालिकामा रहेका पुराना अभिलेखहरुको विद्युतीय अभिलेख व्यवस्थित (Digitization) गरिनेछ । साथै नगरपालिकाका महत्वपूर्ण अभिलेख तथा सूचनाहरूको सुरक्षाको विषयलाई मध्यनजर गरी Back-up राख्ने प्रवन्ध मिलाइनेछ ।

१८१. नगरपालिका क्षेत्र भित्र रहेका पर्यटकीय महत्व बोकेका सार्वजनिक पार्क, ऐतिहासिक तथा साँस्कृतिक महत्वका धरोहरहरू, धार्मिक स्थलहरुमा Free WIFI तथा QR Code मार्फत उक्त स्थलहरूको विवरण अध्ययन गर्न सकिने प्रवन्ध मिलाइनेछ ।

१८२. गत आ.व. देखि नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुमा लागू गरिएको Electronic Attendance को व्यवस्थालाई राष्ट्रिय प्रणालीसँग सम्बन्ध कायम गरी थप व्यवस्थित पारदर्शी वनाई कडाइका साथ लागू गर्न पहल गरिनेछ ।

१८३. नगरपालिका र अन्तर्गतका निकायहरुबाट प्रदान गरिने सेवाहरुलाई सूचना प्रविधिमैत्री बनाउन बिभिन्न सफ्टवेयरहरूको विकास गरी लागू गरिनेछ । नगरपालिकाको अनलाईन डाटा तथा सूचना स्टोरेजको लागि आफ्नै सर्भर निर्माण गर्न पहल गरिनेछ । सूचना प्रविधिको प्रयोग मार्फत प्रदान गरिने सेवा र प्राप्त गर्ने प्रकृयाको वारेमा नगरवासीलाई जानकारी गराइनेछ ।

१८४. नागार्जुन नगरपालिकालाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास गर्नका लागि सूचना तथा सञ्चार प्रविधि गुरू योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । यसका लागि विभिन्न संघसंस्था तथा निकायहरूको समन्वय र सहकार्यमा नगर क्षेत्रभित्रका विद्यालयहरू तथा युवाहरूमा ICT सम्बन्धी सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## ग. <u>वित्तिय अनुशासन एवं आन्तरिक नियन्त्रण</u>

१८५. वित्तीय जोखिमका क्षेत्र पहिचान गरी त्यस्ता जोखिम न्यूनीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८६. नियमित रुपमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका कैफियतहरुलाई समयमा नै सुधार गरिनेछ ।

१८७. नगरपालिकाको अन्तिम लेखा परिक्षणबाट कायम भएको बेरूजु फछ्र्यौट कार्यलाई उच्च महत्व दिईन्छ । अन्तिम लेखापरीक्षणले औंल्याउने बेरुजु रकम शुन्य हुने गरी आर्थिक कारोवार तथा सोको लेखाङ्कन गर्न जोड दिइनेछ ।

१८८. स्वीकृत बजेटको सीमा भित्र सम्बन्धीत शीर्षकमा समयमा बजेट खर्च गरी बजेट कार्यान्वयनमा वित्तीय अनुशासन कायम गर्न पहल गरिनेछ ।

१८९. निश्चित मापदण्डको आधारमा आर्थिक सहायता उपलब्ध गराइने छ ।

१९०. अनुत्पादक क्षेत्रमा हुने लगानी निरुत्साहित गरी प्राथमिकता प्राप्त क्षेत्रमा मात्र लगानी गर्ने गरी बजेटको कार्यान्वयन गरिनेछ ।

१९१. सार्वजनिक खरिदमा प्रतिष्पर्धालाई प्रवर्द्धन गरिनेछ र रु. १० लाख भन्दा वढी लागत अनुमान भएका सम्पूर्ण विकास योजनाहरु E-Bidding का माध्यमबाट कार्यान्वयन गरिनेछ ।

१९२. आर्थिक अनुशासन कायम गर्नको लागि संघ र प्रदेशबाट जारी भएको ऐन, कानूनको कार्यान्वयन गर्दै ति कानुनसंग सामन्जस्यता कायम हुने गरी आवश्यकता अनुरुप स्थानीय कानूनहरु निर्माण गरी लागु गरिनेछ ।

१९३. ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिम प्रचलित लेखाका सिद्धान्त र ढाँचाको प्रयोग गरी आय व्ययका अद्यावधिक अभिलेख राखी पारदर्शिता अपनाइनेछ ।

१९४. वित्तीय व्यवस्थापनमा विद्युतीय शासन प्रणालीको प्रयोग गरिनेछ।

## घ. <u>कानुन न्याय तथा मानव अधिकार</u>

१९५. नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विषयमा आवश्यकता र औचित्यताको आधारमा क्रमशः कानून निर्माण गर्दै लगिनेछ।

१९६. १० बटा बडा तथा कार्यपालिकामा मेलमिलाप केन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याईनेछ।

१९७. स्थानीय तहका मुद्दाहरुमा यथासम्भव मेलमिलापको माध्यमबाट पक्ष विपक्षताई सहमतिमा ल्याई न्याय निरुपण गरिनेछ।

१९८. न्यायिक समितिका पदाधिकारी, कर्मचारी र मेलमिलापकर्ताको क्षमता विकासमा ध्यान दिईनेछ। न्यायिक समितिका पदाधिकारी एवं कर्मचारीहरुको लागि मुलुकका अन्य गाउँपालिका/नगरपालिकाको न्यायिक समितिबाट भएका न्याय सम्पादन सम्बन्धी कार्य अनुभव दिलाउने गरी स्थलगत अध्ययन एवं अनुगमन व्यवस्था मिलाईनेछ।

१९९. न्यायिक समितिमा दर्ता भएका उजुरीहरुको फछ्यौट दर उच्च बनाईनेछ।

२००. नगरपालिकाको न्यायिक समितिबाट भएका निर्णयउपर चित्त नबुझी पुनरावेदन हुँदा निर्णय सदर भए नभएको विषमहरुको अध्ययन गरिनेछ। अध्ययनबाट प्राप्त पृष्ठपोषणका आधारमा न्याय निरुपण प्रकिपालाई क्रमशः सुधार गर्दै लगिनेछ।

२०१. नगरपालिकाबाट हालसम्म तर्जुमा भएका कानूनहरुको आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गरिनेछ। संबिधान, संघीय तथा प्रवेश कानून र नगरको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्दै लगिनेछ।

२०२. बडा तहमा स्थानीय बासिन्दालाई कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। जनप्रतिनिधिहरु र कर्मचारीदरुलाई कानूनी विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२०३. सम्मानित सर्वोच्च अदालत लगायतका न्यायिक निकायहरुवाट भएका फैसला तथा निर्देशात्मक आदेशहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

**समन्वय तथा सहकार्यः**

१. देश भित्र र अन्तर्राष्ट्रियस्तरका स्थानीय तहहरु सँग भगिनी सम्बन्ध कायम गर्दै पारस्परिक रुपमा सहयोग आदान प्रदान गर्दै लगिनेछ । अन्तर्राष्ट्रिय संघ संस्था र विकास साझेदारहरुसँगको सम्बन्ध एवम् सहकार्यलाई कानून अनुकुल अगाडि वढाउदै लगिनेछ ।

२. नगरपालिका भित्र रहेका बिभिन्न बैंक तथा वित्तीय संस्थाहरुलाई संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility CSR) अबधारणा अन्तर्गत खेलकुद तथा अन्य कार्यक्रमहरु समेत सञ्चालन गर्न विशेष जोड दिइनेछ ।
३. विकास निर्माण तथा साझा हितका पूर्वाधार विकास एवम् जनमैत्री कार्यक्रमहरूमा संघ, प्रदेश, जिल्ला समन्वय समिति, अन्य स्थानीय सरकार तथा सरोकारवालाहरूसँग आवश्यक सहकार्य समन्वय तथा साझेदारी गरिनेछ ।
४. विभिन्न विकास साझेदार, निकाय, संघसंस्था तथा नागरिक समूहसँग निश्चित उद्देश्य र प्रस्तावमा आधारित विषयमा लागत साझेदारीमा आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
५. नगर क्षेत्रका युवा क्लब, संघसंस्था, टोल विकास संस्था, सामुदायिक संस्था, निकुञ्ज, सहकारी संस्था तथा नीजि क्षेत्रसँग नगरको विकासमा टेवा पुग्ने तथा दीगो विकासका लक्ष्य हासिल गर्न योगदान पुग्ने कुनै पनि आयोजना तथा कार्यक्रमहरूमा साझेदारीलाई प्राथमिकता दिईनेछ ।
६. नगरपालिकाका वडाहरूमा क्रियाशील संघसंस्था, खानेपानी उपभोक्ता समिति एवम् अन्य उपभोक्ता समिति/समूहहरूले आफ्नो उद्देश्य अनुरूप विधिवत रूपमा कार्य गरे नगरेको सम्बन्धमा अनुगमन मूल्यांकन समेत गरी संघसंस्था र उपभोक्ता समिति/समूहहरूलाई प्रभावकारी र जनउत्तरदायी बनाउन आवश्यक काम, कारवाही, सुशासन/नियमन र समन्वयको व्यवस्थ् मिलाईनेछ ।

धन्यवाद !

**नगर सभा सदस्यज्यूहरू,**

अब म आगामी आ.व. २०८१/८२ को वार्षिक बजेटको संक्षिप्त आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु । आ.व. २०८१/८२ को लागि नागार्जुन नगरपालिकाको कुल बजेट रू. २ अर्ब ५२ करोड ५० लाख रहेको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

## नागार्जुन नगरपालिकाको आ.व. २०८१/०८२ को अनुमानित आय विवरणः

| सि.न. | शिर्षक | स्रोत | अनुमानित आय रू. | अक्षरूपी रू. |
|---|---|---|---|---|
| १ | वित्तिय समानीकरण अनुदान | संघीय सरकार | १९,९०,००,००० | उन्नाईस करोड नब्बे लाख |
| २ | सशर्त अनुदान | संघीय सरकार | २९,८३,५३,००० | उनान्तिस करोड त्रियासी लाख त्रिपन्न हजार |
| ३ | समपुरक अनुदान | संघीय सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ४ | विशेष अनुदान | संघीय सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ५ | वित्तिय समानीकरण अनुदान | प्रदेश सरकार | २,०६,५५,००० | दुई करोड छ लाख पचपन्न हजार |
| ६ | सशर्त अनुदान | प्रदेश सरकार | ३,७३,५४,००० | तिन करोड त्रिहत्तर लाख चौवन्न हजार |
| ७ | समपुरक अनुदान | प्रदेश सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ६५,००,००० | पैसठ्ठी लाख |
| ९ | घरजग्गारजिष्ट्रेशन दस्तुर (मालपोत) | प्रदेश सरकार | ८७,५८,१४,७५० | सतासी करोड अन्ठाउन्न लाख चौध हजार सात सय पचास |
| १० | राजस्वबाँडफाँड (मु.अ.कर, अन्त शुल्क तथा रोयटी समेत) | संघीय सरकार | १०,६६,००,००० | दश करोड छैसठ्ठी लाख |
| ११ | राजस्व बाँडफाँड (सवारी साधन कर ) | प्रदेश सरकार | ४,८१,१३,२५० | चार करोड एकासी लाख तेह्र हजार दुई सय पचास |
| १२ | आन्तरिक स्रोत | नागार्जुन नगरपालिका | ५५,७०,००,००० | पचपन्न करोड सत्तरी लाख |
| १३ | जि.स.स.भवन निर्माण र खानेपानी निर्माण अनुदान | जि.स.स. काठमाडौं | ४,९७,००,००० | चार करोड सन्तानब्बे लाख |
| १४ | का.म.न.पा. अनुदान | का.म.न.पा काठमाडौं | ७,६५,००,००० | सात करोड पैसठ्ठी लाख |
| १५ | लागत सहभागिता | जनसहभागिता | १,५०,००,००० | एक करोड पचास लाख |
| १६ | अनुमानित बैंक मौज्दात | | १८,९४,१०,००० | अठार करोड चौरानब्बे लाख दश हजार |
| **जम्मा** | | | **२,५२,५०,००,०००** | **दुई अर्व बाउन्न करोड पचास लाख** |

## नागार्जुन नगरपालिकाको आ.व. २०८१/०८२ को अनुमानित व्यय विवरणः

| सि.नं. | विवरण | स्रोत | रकम रू. | अक्षरूपी रू. |
|---|---|---|---|---|
| १ | सशर्त अनुदान | संघीय सरकार | २९,८३,५३,००० | उनान्तिस करोड त्रियासी लाख त्रिपन्न हजार |
| २ | समपुरक अनुदान | संघीय सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ३ | समपुरक अनुदान | आन्तरिक स्रोत | १,५०,००,००० | एक करोड पचास लाख |
| ४ | विशेष अनुदान | संघीय सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ५ | सशर्त अनुदान | प्रदेश सरकार | ३,७३,५४,००० | तिन करोड त्रिहत्तर लाख चौवन्न हजार |
| ६ | समपुरक अनुदान | प्रदेश सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ७ | समपुरक अनुदान | आन्तरिक स्रोत | १,५०,००,००० | एक करोड पचास लाख |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ६५,००,००० | पैसठ्ठी लाख |
| ९ | वडा सिलिङ्ग | आन्तरिक स्रोत | ९,५०,००,००० | नौ करोड पचास लाख |
| १० | विषयगत शाखा सिलिङ्ग बजेट (शिक्षा, स्वास्थ्य, कृषि, महिला, बालबालिका, आयुर्वेद लगायत) | आन्तरिक स्रोत | २३,५५,००,००० | तेईस करोड पच्पन्न लाख |
| ११ | प्रशासनिक खर्च | आन्तरिक स्रोत | ३२,५१,५४,००० | बतिस करोड एकाउन्न लाख चौवन्न हजार |
| १२ | लागत सहभागिता | आन्तरिक स्रोत | १,५०,००,००० | एक करोड पचास लाख |
| १३ | विपद् व्यवस्थापन कोष तथा विपद् सम्बन्धि आयोजना तर्जुमा, कार्यान्वयन | आन्तरिक स्रोत | २,००,००,००० | दुई करोड |
| १४ | नगरस्तरीय योजना तथा कार्यक्रम (गत आ.व.को सम्झौता/भुक्तानी दिन बाँकी योजना/अल्या समेत) | आन्तरिक स्रोत | १,४१,७१,३९,००० | एक अर्व एकचालिस करोड एकहत्तर लाख उनान्चालिस हजार |
| **कुल जम्मा** | | | **२,५२,५०,००,०००** | **दुई अर्व बाउन्न करोड पचास लाख** |

# नागार्जुन नगरपालिकाको आर्थिक विधेयक, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०२/२८**

**नागार्जुन नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** नागार्जुन नगरपालिकाको आ.व.२०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा (१) बमोजिम नागार्जुन नगरसभाले यो ऐन बनाएको छ

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम "नागार्जुन नगरपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ ।

२) यो ऐन नागार्जुन नगरपालिका क्षेत्रमा सम्बत् २०८१ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **सम्पत्ति करः**

नगरपालिका क्षेत्र भित्र अनुसूची –१ मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाईने र असुल गरिनेछ । भवनको मूल्याङ्कन दर, भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी अवधि अनुसूची – २ अनुसार गरिनेछ ।

३. **भुमि (मालपोत) करः**नगरपालिका क्षेत्र भित्र अनुसूची –३ मा उल्लेख भए बमोजिम भुमि (मालपोत) कर लगाइने र असुल गरिनेछ ।

४. **घरबहाल करः**नगरपालिका क्षेत्र भित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिइएकोमा अनुसूची – ४ मा उल्लेख भए बमोजिम घर बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची –५ मा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असुल गरिनेछ ।

आ.व. २०८१/८२ मा नगरपालिकाले स्थलगत रुपमा व्यवसाय दर्ता तथा नविकरण शिविर सञ्चालन गरी नियमानुसार नगरपालिका तथा वडा कार्यालयमा दर्ता नभएका सम्पूर्ण व्यवसायहरुलाई आ.व. २०८१/८२ लाई नै आधार वर्ष मानेर व्यवसाय दर्ता गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**

१) नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो जडिबुटी, वन कस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, छाला, प्वांख जस्ता वस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूची –६ मा उल्लेख भए बमोजिमको कर लगाईने र असुल गरिनेछ ।

२) कवाडी कर लगायतका राजस्व संकलन गर्दा उपत्यकाका स्थानीय तहहरुका साथै अन्य सेवा प्रदायकहरु सँगको सहकार्य प्रभावकारी हुने देखिएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी कवाडी करको दर निर्धारण गर्ने छ ।

७. **<u>सवारी साधन करः</u>** यस सम्बन्धि व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

८. **<u>विज्ञापन करः</u>** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची —७ मा उल्लेख भए बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ।साथै होर्डिङ्ग बोर्डको शुल्क व्यवसाय दर्ता तथा नवीकरण गर्दाका बखत अशुल गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **<u>मनोरञ्जन करः</u>** नगरपालिका क्षेत्र भित्रको चलचित्र घर, ग्लास ब्रिज सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/नाटकघर, फनपार्क, वाटरगार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुटसल, बालउद्यान, नाईट क्लव, मसाज एवं स्पा, जीपलाईन, बन्जी जम्प, आकाशे सीसाको पुल, भ्यूटावर, स्वीमिङ्ग पुल, जुम्बा र पार्क जस्ता मनोरञ्जन स्थलमा प्रदेश सरकारको आर्थिक ऐनमा तोके बमोजिम कर लगाईने र असुल गरिनेछ ।

१०. **<u>बहाल बिटौरी शुल्कः</u>** नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका सार्वजनिक ऐलानी, पर्ती, जग्गा वा भवन, हाट बजार, पसल र विशेष मेला पर्वमा बहाल बिटौरी शुल्क लगाउन सकिने स्थानहरुको लगत संकलन गरी प्रतिस्प्रर्धाको आधारमा शुल्क लगाइने छ र न्यूनतम करको निर्धारण प्रचलित कानुन बमोजिम हुनेछ ।

११. **<u>सवारी साधन पार्किङ्ग शुल्कः</u>** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची —८ मा उल्लेख भए बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ ।साथै पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले नगरपालिकाबाट नियामनुसार अनुमति लिएको हुनुपर्नेछ ।

१२. **<u>ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोईङ्ग, बन्जि जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टिङ्ग शुल्कः</u>** नगरपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोईङ्ग, बन्जि जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टिङ्ग शुल्क सम्बन्धि व्यवस्था नागार्जुन नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१३. **<u>सेवा शुल्क, दस्तुरः</u>**नगरपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची —९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल गरिनेछ ।

१४. **<u>पर्यटन शुल्कः</u>** यस सम्बन्धि व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१५. **<u>जरिवानाः</u>** नागार्जुन नगरपालिका क्षेत्रभित्र निषेध गरिएको सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय गर्ने वा फोहोरमैला तथा निर्माण सामाग्रीबाट उत्सर्जित फोहोर एवं प्रचलित कानुन विपरीतका कार्य गरेमा त्यस्तो सामान जफत गर्ने वा अनुसूची-१० बमोजिम जरिवाना गरिने छ तर माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर, बहत्तरको हकमा प्रदेश कानुन अनुसार हुनेछ।

१६. **कर छुटः**

**यस नगरपालिका क्षेत्रभित्र करदाताहरुलाई देहाय बमोजिममको करमा कर छुट दिने व्यवस्था गरिएको छ ।**

१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संघ संस्थालाई कुनै पनि किसिमका कर छुट दिईने छैन ।

२) व्यवसाय नविकरण सम्बन्धमाः यस भन्दा अगाडि नगरपालिकामा दर्ता भएका तर समयमा नविकरण नभएका व्यवसायहरुको हकमा आ.व. २०८१/८२ को कातिक मसान्त सम्म नविकरण गर्न आएमा २०७९/८० सम्मको नविकरणमा लाग्ने जरिवानामा ५०% ले हुन आउने रकम छुट दिईनेछ ।

३) अपाङ्ग र अशक्तको हकमा उत्पादन मूलक उद्योग व्यवसाय दर्ता गर्न आएमा दर्ता शुल्कको ५०% छुट दिईनेछ र महिलाको नाममा दर्ता हुने ५ लाख सम्म पुँजी भएका लघु ,घरेलु तथा साना उत्पादन मुलक उद्योग दर्ता गर्दा लाग्ने दस्तुरमा २५% छुट दिईनेछ ।

४) करदाताहरुलाई आ.व. २०८१/८२ को कार्त्तिक मसान्त भित्र सम्पत्ति कर/मालपोत कर दाखिला गरेमा यस आ.व.मा लाग्ने सम्पत्ति करमा १०% छुट दिईनेछ ।

५) करदाताहरुलाई २०८१ कार्तिक मसान्त भित्र आ.व. २०८१/८२ मा वार्षिक रूपमा (आ.व. २०८१/८२ को) अग्रीम बहालकर तिर्ने करदातालाई एकमुष्ठमा २५% ले हुन आउने रकम छुट दिईनेछ ।

६) वडा कार्यालय, नगर अस्पताल/स्वास्थ्य संस्था, सामुदायिक विद्यालय, सार्वजनिक पार्क, सामुदायिक भवनको नक्सा पास निःशुल्क गरिनेछ ।

**१७.** **<u>कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः</u>** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची –१

(दफा २ सँग सम्बन्धित)

**<u>सम्पत्ति करका दररेट</u>**

**<u>नागार्जुन नगरपालिका क्षेत्रभित्र आ.व. २०८१/८२ मा लागु हुने सम्पत्ति करको स्वीकृत दररेट</u>**

| क्र.सं. | करयोग्य सम्पत्तिको मूल्य | दर (%) | रकम (रू. मा) |
|---|---|---|---|
| १. | रू. ५० लाख सम्मको मूल्याङ्कनमा | ०.०२ | १,०००/- |
| २. | रू. ५० लाख १ देखि रू. १ करोड सम्मको मूल्याङ्कनमा | ०.०३ | १,५००/- |
| ३. | रू. १ करोड १ देखि रू. १ करोड ५० लाख सम्मको मूल्याङ्कनमा | ०.०७ | ३,५००/- |
| ४. | रू. १ करोड ५१ लाख १ देखि रू. २ करोड सम्मको मूल्याङ्कनमा | ०.१० | ५,०००/- |
| ५. | रू. २ करोड १ लाख १ देखि रू. ३ करोड सम्मको मूल्याङ्कनमा | ०.१७ | १७,०००/- |
| ६. | रू. ३ करोड १ लाख १ देखि रू. ४ करोड सम्मको मूल्याङ्कनमा | ०.२५ | २५,०००/- |
| ७. | रू. ४ करोड १ लाख १ देखि रू. ५ करोड सम्मको मूल्याङ्कनमा | ०.३० | ३०,०००/- |
| ८. | रू. ५ करोड १ लाख १ देखि रू. ७ करोड सम्मको मूल्याङ्कनमा | ०.३५ | ७०,०००/- |
| ९. | रू. ७ करोड १ लाख १ देखि रू. १० करोड सम्मको मूल्याङ्कनमा | ०.४० | १,२०,०००/- |
| १०. | रू. १० करोड भन्दा माथि | ०.५० | |

## अनुसूची — २
### (दफा २ सँग सम्बन्धित)
### भवनको मूल्याङ्कन दर, भवनको ह्रासकट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि

घरको मूल्याङ्कनको बनौटको आधारमा भवनको मूल्याङ्कन दर देहाय बमोजिम कायम गरिएको छ । भवनको बनौट र ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (Straight Line Method) अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गरिनेछः

| क्र.सं. | घरको बनौट | औषत लागत दर (प्रति वर्गफुट) | प्रति वर्ष वर्गफुट ह्रास कट्टी (प्रतिशतमा) | घर, भवन भौतिक संरचनाको आयु |
|---|---|---|---|---|
| १. | भित्री बाहिरी काँचो ईट्टाले बनेको माटोको जोडाई भएका सबै किसिमका घर | रू. ३००/- | ४ प्रतिशत | १५ वर्ष |
| २. | भित्र काँचो बाहिर पक्की ईट्टा माटोको जोडाई भएका सबै किसिमका घर र काठैकाठबाट बनेका घर | रू. ४५०/- | ३ प्रतिशत | २५ वर्ष |
| ३. | भित्र बाहिर पाको ईट्टा वा ढुंगामा माटोको जोडाई भएका सबै किसिमका घरहरु | रू. ५२५/- | १ प्रतिशत | ३० वर्ष |
| ४. | प्रि-फ्याब भवन, गोदाम भवन | रू. १,५००/- | २ प्रतिशत | ३५ वर्ष |
| ५. | भित्र बाहिर पक्की ईट्टा वा ढुंगा वा ब्लकमा सिमेन्टको जोडमा भएका सबै किसिममा घरहरु | रू. ८००/- | १ प्रतिशत | ७० वर्ष |
| ६. | स्टील स्ट्रक्चर (ट्रस) भवन | रू. १,५००/- | ०.७५ प्रतिशत | ७५ वर्ष |
| ७. | आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घरहरु | रू. १,८००/- | ०.७५ प्रतिशत | ७५ वर्ष |
| ८. | लिफ्ट सिष्टमका घरहरु | रू. २,२००/- | ०.७५ प्रतिशत | ७५ वर्ष |

- काँचो ईट्टा वा माटोको गारो वा बाँस वा काठको टाटी भुस छवाली, खर पराल र जस्ता वा टिनको छाना भएको तथा अस्थायी प्रकृतिको घरको मूल्याङ्कन गरिने छैन ।
- सम्पत्ति कर मूल्याङ्कन गर्दा घरले चर्चेको जग्गाको दोब्बर भुभागलाई जग्गाको मूल्याङ्कन गर्ने र बाँकी जग्गाको मालपोत कर लिने ।
- बाटोको हकमा मालपोत कार्यालयले आ.व. २०८१/८२ को रजिष्ट्रेशनको लागि तोकीएको दर बमोजिम मूल्याङ्कन गरिने ।

**सम्पत्ति कर नलाग्नेः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद (९) नगरपालिकाको वित्तीय अधिकार क्षेत्र अन्तर्गत दफा ५५ को सम्पत्ति कर सम्बन्धि व्यवसायको उपदफा ५ अनुसार यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गा सम्पत्तीकर लाग्ने छैन ।

- नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र घरजग्गा
- सरकारी अस्पतालको घर र घरजग्गा
- गुठीको स्वामित्वमा रहेको घर र घरजग्गा
- मुनाफाको उद्देश्य नराखि सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संघसंस्थाको घर र घरजग्गा
- मुनाफाको उद्देश्य नराखि सञ्चालन भएका संघ संस्थाको घर र घरजग्गा
- धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि)को घर र घरजग्गा
- खानेपानी संकलन पोखरी, विद्युत गृह, मसानघाट, कब्रस्थान, कर्वल, मजार, बसपार्क, रंगशाला, उद्यान पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु
- राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा

# अनुसूची — ३

## (दफा ३ सँग सम्बन्धित)

## भूमिकर (मालपोत कर) दरहरु

| क्र.सं. | दरका क्षेत्र / विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | भूमि (मालपोत) कर (प्रति रोपनी) | ११२/- | बाँकी बक्यौता<br>पहिलो वर्ष ५ प्रतिशत<br>दोश्रो वर्ष १० प्रतिशत<br>तेश्रो वर्ष २० प्रतिशत<br>त्यसपछि प्रति वर्ष ५ प्रतिशतका दरले बढ्दै जानेछ । |

## अनुसूची — ४
### (दफा ४ सँग सम्बन्धित)
### घर बहाल करका दररेट

| क्र.सं. | करका क्षेत्र / विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | आवासीय घर बहाल रकमको | ४ प्रतिशत | |
| २. | व्यापारिक प्रयोजन, व्यवसायिक घर, संघ संस्था तथा अन्य प्रकृतिका व्यवसायमा घर बहाल रकमको | १० प्रतिशत | |
| ३. | कृषि, पशुपालन,उत्पादनमूलक उद्योग प्रयोजनका लागि जग्गा बहाल रकमको | ३ प्रतिशत | |

### न्युनतम भाडा रकम

| क्र.सं. | क्षेत्र वर्गिकरण | व्यवसायिक प्रयोजन (प्रति सटर/कोठा मासिक) | आवासिय प्रयोजन (प्रति कोठा मासिक) |
|---|---|---|---|
| १ | रिङ्गरोड संग जोडिएका सडकको १०० मिटर वरपर (१०० वर्ग फुट सम्म) | रु ६,००० | रु ४,५०० |
| २ | रिङ्गरोड संग जोडिएका सडकको १०० मिटर वरपर (१०० वर्ग फुट भन्दा माथि) | रु १०,००० | रु ५,००० |
| ३ | रिङरोड बाहेक अन्य नगरपालिका भित्रका मूल सडकमा (१०० वर्ग फुट सम्म) | रु ५,००० | रु ३,५०० |
| ४ | रिङरोड बाहेक अन्य नगरपालिका भित्रका मूल सडकमा (१०० वर्ग फुट भन्दा माथि) | रु ७,००० | रु ४,००० |
| ५ | नगरपालिका भित्र मूल सडक बाहेक अन्य सहरी क्षेत्रका सहायक सडक संग जोडीएका सडकमा (१०० वर्ग फुट सम्म) | रु ४,००० | रु ३,००० |
| ६ | नगरपालिका भित्र मूल सडक बाहेक अन्य सहरी क्षेत्रका सहायक सडक संग जोडीएका सडकमा (१०० वर्ग फुट भन्दा माथि) | रु ५,००० | रु ३,५०० |
| ७ | वडा नं. ३ को हलचोक भन्दा माथी ,वडा नं. ६ को मेन रोड (सितापाइला भिमढुङ्गा सडक बाहेक) अन्य स्थान ,वडा नं.७ र वडा नं. ८ मा | रु ३,००० | रु २,५०० |

१. करदाताले आफुले बहालमा लगाएको बहाल रकम स्वयं घोषणा गर्न सक्नेछ तर करदाताले घोषणा गरेको बहाल रकम माथि उल्लेख भए भन्दा कम रकम पेश भएमा माथि उल्लेख भए बमोजिम न्यूनतम भाडा रकम मानि बहाल कर निर्धारण गरिनेछ ।

२. कुनै पनि व्यवसायीहरुले आफ्नो व्यवसाय रहेको घर, कोठाको बहाल कर भुक्तानी गर्दा उक्त व्यवसाय, फर्म, कम्पनीले लेखापरिक्षण गर्दाका बखत देखाईएको बहाल रकमका आधारमा बहाल कर चुक्ता गर्नुपर्नेछ ।

३. ६० वर्ग फुट भन्दा कम क्षेत्रफल भएको सटरको हकमा माथि उल्लेखित न्युनतम बहाल रकमको ६० प्रतिशतले हुने रकमले हिसाब गरिने छ ।सो को लागि पुष्टयाई गर्ने कागजात अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

**नोट**

आ.व. २०८१/८२ को श्रावण महिना देखि लागु हुने गरी घर बहाल सम्झौता पत्र वडा कार्यालयले प्रमाणीत गरि अभिलेख राख्नु पर्ने छ र घर बहाल सम्झौता प्रमाणीत दस्तुर रु १०० लाग्ने छ ।

## अनुसूची-५
## (दफा ५ सँग सम्बन्धित)
## व्यवसाय करको दररेट

१. व्यवसाय कर पुँजीगत लगानी, आर्थिक कारोवार, व्यवसायको प्रकृति र प्रकारका आधारमा कायम गरिएको दर यस प्रकार रहेकोछ ।

### क) व्यापारिक वस्तु

| कर शिर्षक | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा आयात कर्ता | | २०,००० | |
| २ | सुर्तिजर्न्य पदार्थ आयात कर्ता | | १५,००० | |
| ३ | मदिरा डिलर | | १०,००० | |
| ४ | सुर्तिजन्य पदार्थ (डिलर) | | ८,००० | |
| ५ | मदिरा (खुद्रा पसल) | | ५,००० | |
| ६ | पान पसल | | १,५०० | |
| ७ | पुजा सामाग्री पसल | | २ ,००० | |
| ८ | पुजा सामाग्री पसल (धातुका वस्तु समेत विक्री हुने) | | ३,००० | |
| ९ | ज्वेलरी (जेम्स) हिरामोती, सुन, चाँदी र पत्थरका सामाग्रीको खुद्रापसल (३०० वर्गफुट भन्दा बढी) | | १०,००० | |
| १० | ज्वेलरी (जेम्स) हिरामोती, सुन, चाँदीका र पत्थरका सामाग्रीको खद्रा पसल (३०० वर्गफुट सम्म) | | ५,००० | |
| ११ | सुनचाँदी गहना बनाउने पसल (ज्यासल) | | २,००० | |
| १२ | हस्तकला तथा क्युरियो पसल (ठुलो) | | ५,००० | |
| १३ | हस्तकला तथा क्युरियो पसल (२०० वर्गफुटसम्म सानो) | | २,००० | |
| १४ | फुलमाला सजावट पसल | | ३,००० | |
| १५ | कम्प्युटर, मोबाइल, घडी, फिज, फोटोकपी, वासिग मेसिन जस्ता इलेक्ट्रोनिकल सामान विक्रि पसल | ब्रान्डेड सोरुम | ८,००० | |
| १६ | कम्प्युटर, मोबाइल, घडी, फिज, फोटोकपी, वासिंग मेसिन जस्ता इलेक्ट्रोनिकल सामान विक्रि पसल | | ५००० | |

| कर शिर्षक | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १७ | कलर ल्याव सहितको फोटो स्टुडियो | | ३,००० | |
| १८ | फोटो स्टुडियो | | २,००० | |
| १९ | फर्निचर तथा फर्निसिङ पसल | ब्रान्डेड सोरुम | १०,००० | |
| २० | फर्निचर तथा फर्निसिङ पसल | | ४,००० | |
| २१ | वेल्डिडर ग्रील पसल (३०० वर्गफिट सम्म) | | ३,००० | |
| २२ | वेल्डिङर ग्रील पसल (३०० वर्गफिट भन्दा बढी) | | ४,००० | |
| २३ | ट्रस, आल्मोनियम फ्रेम आदि बनाउने पसल (५०० वर्गफिट सम्म) | | ४,००० | |
| २४ | ट्रस, आलमोनियम फ्रेम आदि बनाउने पसल (५०० वर्गफिट भन्दा बढी) | | ६,००० | |
| २५ | डिपार्टमेन्टल स्टोर (१०,००० व.फि. भन्दा बढि ) प्रति स्टोर | | ३०,००० | |
| २६ | बिजनेस मार्ट (कम्प्लेक्स सेन्टर) (१०,००० व.फि. सम्म) | | ३०,००० | |
| २७ | मिनिमार्ट (४००० वर्ग फिट सम्म) | | १०,००० | |
| २८ | मिनिमार्ट (२००० वर्ग फिट सम्म) | | ८,००० | |
| २९ | मिनि मार्ट (१००० वर्ग फिट सम्म) | | ४,००० | |
| ३० | तयारी सामान पसल (३०० वर्ग फीट भन्दा बढी) | कपड़ा जुत्ता फेन्सी आदी | ३,००० | |
| ३१ | तयारी सामान पसल (३०० वर्ग फिट सम्म) | कपड़ा जुत्ता फेन्सी आदी | २,००० | |
| ३२ | स्टील रड, एङगल, पाइप, पत्ता, सिमेन्ट, जस्ता पाता, हार्डवेयर पसल तथा प्लाइउड, ताला, छेस्किन, चुकलु, जाली, किलाकाटा, रंङरोगन, एल्म्यूनियम, प्लाष्टिकका सबै खालको (Building Materials) खुद्राबिक्री (१५० व.फि. भन्दा माथि) | | ८,००० | |
| ३३ | स्टीलरड, एङगल, पाइप, पत्ता, सिमेन्ट, जस्तापाता, हार्डवयेर पसल तथा प्लाइउड, ताला, छेस्किन, चुकुल, जाली, किलाकाटा, रंङरोगन, एल्म्यूनियम, प्लाष्टीकका सबै | | ५,००० | |

| कर शिर्षक | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|
| | खालको Building Materials खुदा बिक्री (१५० व.फि.सम्म) | | | |
| ३४ | निर्माण सामाग्री (इटा, बालुवा, रोडा, बिक्री डिपो) | प्रति आना | ५०० | |
| ३५ | निर्माण सामाग्री (इटा, बालुवा, रोडा) बिक्री सम्पर्क कार्यालय | स्टक नराखेको | २,००० | |
| ३६ | स्यानिटरी सामान, बाथरूम फिटिङ, पाइप, पाइप फिटिङ,टायल र मार्बल खुद्रा बिक्री (३०० वर्ग फिट भन्दा बढी) | | ५,००० | |
| ३७ | स्यानिटरी सामान बाथरुम फिटिङ, पाइप, पाइप फिटिङ, टायल र मार्बल खुद्रा बिक्री (३०० वर्ग फिट सम्म) | | ३,००० | |
| ३८ | बिजुलीको तार, बिजुलीका सामान (Electrical Fixtures) बिक्री गर्ने खुद्रा पसल (३०० व. फि.भन्दा बढी) | | ५,००० | |
| ३९ | बिजुलीको तार, बिजुलीका सामान (Electrical Fixtures) बिक्री गर्ने खुद्रा पसल (३०० व.फि. सम्म) | | ३,००० | |
| ४० | सवारी साधनको पाटपुर्जा, टायरट्युब हेलमेट आदी खुद्रा बिकी ( ५०० वर्ग फिटसम्म ) | | ३,००० | |
| ४१ | सवारी साधनको पाटपुर्जा, टायरटुब खुद्रा बिकी (५०० वर्ग.फिटभन्दा बढी) | | ५,००० | |
| ४२ | मोटर/कार बिकी सोरुम | | २०,००० | |
| ४३ | रिकन्डिसन चार पांग्रे सवारी साधन विक्री कक्ष | | १५,००० | |
| ४४ | मोटरसाइकल बिक्री सोरुम | | १५,००० | |
| ४५ | बिद्युतीय सवारी साधन बिकी सोरुम (बस, कार,मोटरसाईकल) | | २५,००० | |
| ४६ | रिकन्डीसन मोटरसाइकल खरिद बिक्री | | १०,००० | |
| ४७ | साइकल बिक्री सोरुम | | ३,००० | |
| ४८ | पेट्रोल/डिजल पम्प | प्रति डिस्पेन्सर | २०,००० | |
| ४९ | मट्टितेल पम्प वा वितरक | | ३,००० | |
| ५० | ग्यास विक्री पसल थोक | | ७,००० | |

| कर शिर्षक | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|
| ५१ | ग्यास विक्री पसल खुद्रा | | २,००० | |
| ५२ | विद्युतीय सवारी साधन चार्जिङ सेन्टर | | ३,००० | |
| ५३ | श्रृंगार पसल - कस्मेटीक खुद्रा | | २,००० | |
| ५४ | चुरापोते रिवन पसल खुद्रा विक्रेता | | १,५०० | |
| ५५ | साडी, कुर्ता सुरुवाल कपडा, ऊन पसल खुद्रा विक्रेता बुटिक समेत (१५० ब. फी. भन्दा माथि) | | ५,००० | |
| ५६ | साधारण साडी, कुर्ता सुरुवाल कपडा, ऊन पसल खुद्रा विक्रेता (१५० ब. फी. सम्म) | | १,५०० | |
| ५७ | स्टील, आलमोनियम, प्लास्टीक, तामा, पितल, भाडाकुँडा (इलक्ट्रीकल वाहेक) आदि खुद्रा बिक्री | | ३,००० | |
| ५८ | सियो, धागो, टाँक, इमब्रोडरी का सामान, सर्टिङ सुटिङका सामानहरु - कपडा बाहेक) बिक्री पसल | | १,५०० | |
| ५९ | एकोरियम बिक्री पसल | | ५,००० | |
| ६० | खेलकुद, म्यूजिकल सामान बिक्री पसल | | ५,००० | |
| ६१ | पुस्तक, स्टेशनरी सामान तथा पत्रपत्रिकाको खुद्रा विक्रेता | | १,५०० | |
| ६२ | स्टेशनरी सामान थोक विक्रेता | | ५,००० | |
| ६३ | चस्मा पसल | | ३,००० | |
| ६४ | कपडा एण्ड फाईबर स्टोर्स | | ५,००० | |
| ६५ | लुगा सिउने मेसिन बिक्री गर्ने पसल | | ३,००० | |
| ६६ | विभिन्न किसिमका मेसिन विक्रि गर्ने पसल | | १०,००० | |
| ६७ | जुत्ता, चप्पल पसल थोक विक्रेता | | १०,००० | |
| ६८ | जुत्ता, चप्पल पसल खुद्रा विक्रेता | | ३,००० | |
| ६९ | रंगरोगन डेकोरेट सेवा | | ३,००० | |
| ७० | गिफ्ट/खेलौना पसल खुद्रा | | १,००० | |
| ७१ | Wall Paper संग सम्वन्धित व्यवसाय | | १,५०० | |
| ७२ | फल्स सिलिङ्ग तथा कार्नेस पसल | | ५,००० | |
| ७३ | सिसा पसल | | ५,००० | |
| ७४ | प्लास्टिक सामाग्रीको पसल | | ५,००० | |
| ७५ | स्टल राखी व्यापार व्यवसाय प्रति स्टल | प्रति दिन | २०० | |

| कर शिर्षक | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|
| ७६ | चटपटे पसल | | १,००० | |
| ७७ | दुनोट पसल | | १,५०० | |
| ७८ | चियापत्ती प्याकिङ्ग | | २,००० | |
| ७९ | पाउँ पसल | | १,५०० | |
| ८० | साईनबोड बनाउने पसल | | १,५०० | |

**<u>ख. विशेषज्ञ परामर्श सेवा</u>**

| शिर्षक नं. | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | बिदेशी अनुसन्धानकर्ता तथा परामर्शदाता कन्सल्टेन्सी) सल्लाहकार संस्था | | ५०,००० | |
| २ | स्वदेशी अनुसन्धान तथा परामर्शदाता (कन्सल्टेन्सी)<br>१ करोड भन्दा माथि पूँजि भएको | | १०,००० | |
| ३ | स्वदेशी अनुसन्धान तथा परामर्शदाता (कन्सल्टेन्सी)<br>१ करोड सम्मको माथि पूँजि भएको | | ७,००० | |
| ४ | स्वदेशी अनुसन्धान तथा परामर्शदाता (कन्सल्टेन्सी)<br>२५ लाख सम्को पूँजि भएको | | ३,००० | |
| ५ | अनुसन्धानकर्ता तथा परामर्शदाता सल्लाहकार व्यक्ति | | ३,००० | |
| ६ | ज्योतिष परामर्श सेवा | | ३,००० | |
| ७ | चिकित्सकको क्लिनिक | | १०,००० | |
| ८ | कविराजको क्लिनिक | | ५,००० | |
| ९ | इन्जिनियरिङ्ग(नक्सा बनाउने) कन्सल्टेन्सी (व्यक्तिगत) सुचीकृत | नगरपालिकामा | १५,००० | |
| १० | इन्जिनियरिङ्ग (नक्सा बनाउने) कन्सल्टेन्सी संस्थागत/व्यवसायिक सुचीकृत | नगरपालिकामा | २०,००० | |
| ११ | इन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म/कम्पनी | वडाकार्यालयमा दर्ता | ५,००० | |
| १२ | वैदेशिक रोजगार मेनपावर | | २०,००० | |
| १३ | वैदेशिक शिक्षा परामर्श सेवा | | १०,००० | |

| शिर्षक नं. | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १४ | शैक्षिक परामर्श सेवा/अन्य परामर्श सेवा | | ४,००० | |
| १५ | कानून व्यवसायीको ल फर्म, अनुवादक/नोटरी पब्लिक | | ३,००० | |
| १६ | कानून व्यवसायीको ल फर्म (वरिष्ठ अधिवक्ता भएको) | | ५,००० | |
| १७ | लेखापढी फर्म | | २,००० | |
| १८ | लेखापरीक्षकको फर्म (क वर्ग) | | १०,००० | |
| १९ | लेखापरीक्षकको फर्म (ख वर्ग) | | ८,००० | |
| २० | लेखापरीक्षकको फर्म (ग वर्ग) | | ५,००० | |
| २१ | लेखापरीक्षकको फर्म (घ वर्ग) | | ३,००० | |
| २२ | कम्प्युटर एनालिष्ट तथा प्रोगामर | | १०,००० | |
| २३ | बीमा एजेन्ट फर्म | | ३,००० | |
| २४ | सर्भेयर फर्म | | १०,००० | |
| २५ | सेयर ब्रोकरको फर्म/कम्पनी | | २०,००० | |
| २६ | कृषि परामर्श सेवा | | १,००० | |
| २७ | केयर गिभर टेनिङ एण्ड रिसर्च सेन्टर | | ५,००० | |
| २८ | पानी प्रशोधन सेवा | | ५,००० | |
| २९ | भन्सार एजेन्ट | | ५,००० | |
| ३० | अन्तराष्ट्रिय गैर सरकारी संस्था सुचीकृत | | २,००० | |
| ३१ | स्वदेशी संस्था सुचीकृत | | ५,०० | |
| ३२ | टोल विकास संस्था/महिला, आमा समूह/युवा क्लव | | १,००० | नविकरण विलम्ब शुल्क प्रति बर्ष रु ५०० |
| ३३ | संस्था दर्ता (नाफामुखी) | | २,००० | |
| ३४ | संस्था दर्ता (गैर नाफामुखी) | | १,००० | |
| ३५ | कृषक समूह दर्ता | | १,००० | |
| ३६ | कृषक समूह/पशु पंन्छी फर्म सुचिकृत | | ५,०० | |

## ग) उत्पादनमूलक व्यवसाय तथा उद्योग

| शिर्षक नं | व्यवसायको नाम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | हलुका पेय पदार्थ उद्योग (कोकाकोला, पेप्सीकोला, फ्रुटी आदि) | घरेलुमा दर्ता भएका | ५०,००० | |

| शिर्षक नं | व्यवसायको नाम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| २ | हलुका पेय पदार्थ घरेलु उद्योग/सोडा आदि | | २,००० | |
| ३ | डिस्टिलरी उद्योग | | ५०,००० | |
| ४ | रजिष्टर्ड अफिस मात्र भएको उद्योग/ व्यवसाय (अफिस प्रयोजन) | | ३,००० | |
| ५ | विभिन्न निर्यात योग्य वस्तु तथा व्यवसाय | | ५,००० | |
| ६ | विभिन्न आयात योग्य वस्तु तथा व्यवसाय | | १०,००० | |
| ७ | विभिन्न किसिमका बस्तुहरुको आयात निर्यात गर्ने व्यवसाय | | १५,००० | |
| ८ | चलचित्र निर्माण कम्पनी | | १५,००० | |
| ९ | चलचित्र वितरक कम्पनी | | ५,००० | |
| १० | मिनरल वाटर उद्योग | | ५,००० | |
| ११ | आइसक्रिम उद्योग ठुलो (३ किलोवाट भन्दा माथि) | | १०,००० | |
| १२ | आइसक्रिम/कुल्फी उद्योग घरेलु (३ किलोवाट सम्म) | | २,००० | |
| १३ | विस्कुट, पाउरोटी, केक उद्योग (बेकरी उद्योग) ब्राण्डेड | | १०,००० | |
| १४ | विस्कुट, पाउरोटी, केक (बेकरी उद्योग) घरेलु उद्योग | | ५,००० | |
| १५ | डेरी उद्योग (प्याकेज्ड) | | १०,००० | |
| १६ | कुटानी पिसानी मिल (मसला समेत) | | ५,००० | |
| १७ | डेरी पसल (उद्योग) (नन प्याकेज्ड) | | ३,००० | |
| १८ | जुत्ता, चप्पल उद्योग ब्राण्डेड | | १२,००० | |
| १९ | जुत्ता, चप्पल उद्योग घरेलु | | २,००० | |
| २० | व्याग, बेल्ट, पर्स आदि उत्पादन उद्योग | | ५,००० | |
| २१ | खाद्यान्न उद्योग (५किलोवाट भन्दा माथि) | | १०,००० | |
| २२ | खाद्यान्न उद्योग (५ किलोवाट सम्म) | | ५,००० | |
| २३ | कापी किताव तथा मुद्रण उद्योग (१२ किलोबाट भन्दा माथि) | | १२,००० | |
| २४ | कापी किताब तथा मुद्रण उद्योग (३ भन्दा माथि १२ किलोवाट सम्म) | | ८,००० | |
| २५ | कापी तथा स्क्रीन प्रिन्ट उद्योग(३ किलोवाट सम्म) | | २,००० | |

| शिर्षक नं | व्यवसायको नाम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| २६ | जमिनमुनीको पानी प्रशोधन उद्योग | | ५०,००० | |
| २७ | बोटल र जार पानी उद्योग | | ७,००० | |
| २८ | सिरक, डसेना, कुसन बनाउने | | ५,००० | |
| २९ | हर्बल इन्ड्रस्टिज | | २,००० | |
| ३० | बैकल्पिक ऊर्जा उत्पादन उद्योग/सोलार प्यानल तथा सोको उपकरण निर्माण उद्योग | | ५,००० | |
| ३१ | सडक पुल,  रोपवे, रेलवे, टनले, फलाईड वृज तथा औद्योगिक व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसाय | | २५,००० | |
| ३२ | आस्फाल्ट प्लान्ट, सिमेन्ट रेडिमिक्स प्लान्ट, वालुवा वासिङ, ह्युमपाइप उद्योग | प्रति आना | १,००० | |
| ३३ | कन्क्रीट उद्योग ( ब्लक, रिङ बनाउने) | प्रति आना | ५०० | |
| ३४ | जलविद्युत कम्पनीको कार्यालय | | १०,००० | |
| ३५ | बैकल्पिक ऊर्जा उत्पादन गर्ने कम्पनीका कार्यालय | | ३,००० | |
| ३६ | वित्त व्यापार सम्वन्धि कार्य गर्ने व्यावसाय | | २५००० | |
| ३७ | काठ सःमिल ठुलो (५ किलोवाट भन्दा माथि) | | १२,००० | |
| ३८ | काठ सःमिल (५ किलोवाट सम्म) | | ७,००० | |
| ३९ | सबै प्रकारका फनिचर उद्योग (५ किलोवाट सम्म) | ब्राण्डेड | १२,००० | |
| ४० | सबै प्रकारका फर्निचर उद्योग (३ किलोवाट भन्दा माथि) | | ८,००० | |
| ४१ | सबै प्रकारका फर्निचर उद्योग (३ किलोवाट सम्म) | | ५,००० | |
| ४२ | झ्याल ढोका कार्भिङ उद्योग | | १०,००० | |
| ४३ | बेत बाँस फर्निचर उद्योग | | २,००० | |
| ४४ | नेपाली कागज तथा हाते कागज उद्योग | | २,००० | |
| ४५ | नेपाली जडिबुटी उद्योग | | २,००० | |
| ५५ | चल्ला उत्पादन गर्ने उद्योग (ह्यचरी उद्योग) | | १०,००० | |
| ५६ | साना घरेलु उद्योग (अचार, मस्यौरा, गुन्द्रुक लगायतका) | | ३,००० | |

| शिर्षक नं | व्यवसायको नाम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| ५७ | श्रब्यदृश्य सामाग्री निर्माण तथा वितरण | | ३,००० | |
| ५८ | सुर्ति कारखाना | | ५०,००० | |
| ५९ | चकलेट कारखाना | | १०,००० | |
| ६० | भाडा कारखाना | | ५,००० | |
| ६१ | फुरनदाना/दालमोट कारखाना | | १०,००० | |
| ६२ | फुरनदाना/दालमोट साना घरेलु फर्म | | ३,००० | |
| ६३ | पेन्सिल उद्योग | | २,००० | |
| ६४ | जारको बिर्को बनाउने उद्योग | | ५,००० | |
| ६५ | हस्तकला मूर्ति उद्योग | | २,००० | |
| ६६ | पेपर सिसाइकल/प्याकेजिङ | | ३,००० | |
| ६७ | वातावरण मैत्री हाते झोला उद्योग | | २,००० | |
| ६८ | झोला बनाउने उद्योग | | ५,००० | |
| ६९ | गार्मेन्ट उद्योग साना (तयारी पोशाक उत्पादन) १० वटा मेशिन सम्म | | ७,००० | |
| ७० | गार्मेन्ट उद्योग ठुला (तयारी पोशाक उत्पादन) १० वटा भन्दा बढी मेशिन भएको | | १०,००० | |
| ७१ | ढाका/पश्मिना/गलैचा उद्योग | | ८,००० | |
| ७२ | कपडा पेल्ने उद्योग (पुराना कपडाबाट कपास तयार गर्ने) | | ५,००० | |
| ७३ | अन्य घरेलु तथा साना लघु उद्योग | | २,००० | |

## घ. कृषि तथा खाद्यान्न र खानेपानी

| शिर्षक नं | कार्यक्रम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | किराना पसल खुद्रा | | २,००० | |
| २ | किराना पसल थोक | | ५,००० | |
| ३ | खाद्यान्न थोक बिक्री | | १०,००० | |
| ४ | खाद्यान्न खुद्रा विक्री | | ३,००० | |
| ५ | मौरी पालन व्यवसाय | | २,००० | |
| ६ | कुखुराको चल्ला विक्रि | | ३,००० | |
| ७ | फलफल, जुस तथा तरकारी पसल खुद्रा | | १,००० | |
| ८ | फलफूल तथा तरकारी पसल थोक | | २,००० | |
| ९ | फलफुल र विरुवा विक्रेता (नर्सरी) | | २,००० | |

| शिर्षक नं | कार्यक्रम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १० | माछा/मासु अण्डा खुद्रा विक्रेता (मासु पसल) | | ३,००० | |
| ११ | माछा/मासु अण्डा थोक विक्रेता | | ६,००० | |
| १२ | प्रशोधित मासु जन्य विक्री व्यवसाय | | ५,००० | |
| १३ | मिट मार्ट | | ५,००० | |
| १४ | तरकारी खेती/अन्य कृषिजन्य कार्य गर्ने व्यवसाय | | २,००० | |
| १५ | पशुपक्षीं पालन/गाई/ भैसी/ भेडा/बाख्रा /हाँस/कुखुरा/बङ्गुर पालन व्यवसाय | | ३,००० | |
| १६ | पेट शप (घरपालुवा पशुपंक्षीको दाना/ आहारा विक्री) थोक | | ७,००० | |
| १७ | पेट शप (घरपालुवा पशुपंक्षीको दाना/ आहारा विक्री) खुद्रा | | ३,००० | |
| १८ | कुकुर प्रजनन केन्द्र (डग ब्रीडीङ्ग फर्म) | | ५,००० | |
| १९ | पशु बधशाला | | ६,००० | |
| २० | एग्रो (तरकारीको विउ विजन खरिद बिक्री गर्ने) | | २,००० | |
| २१ | रासायनिक मल, दाना, बीउ पसल | | ५,००० | |
| २२ | दैनिक उपभोग्य सामाग्री सप्लायर्स | | ४,००० | |
| २३ | खानेपानी उपभोक्ता समिति (१०० घर धुरी सम्म ग्राहक भएको) | | १०,००० | |
| २३ | खानेपानी उपभोक्ता समिति (१०० देखि २०० घर धुरी सम्म ग्राहक भएको) | | १५,००० | |
| २४ | खानेपानी उपभोक्ता समिति (२०१ देखि ३०० घर धुरी सम्म ग्राहक भएको) | | २०,००० | |
| २५ | खानेपानी उपभोक्ता समिति (३०१ देखि ५०० घर धुरी सम्म ग्राहक भएको) | | २५,००० | |
| २६ | खानेपानी उपभोक्ता समिति (५०१ देखि ६०० घर धुरी सम्म ग्राहक भएको) | | ३०,००० | |
| २७ | खानेपानी उपभोक्ता समिति (६०० भन्दा माथि घर धुरी ग्राहक भएको) | | ३५,००० | |

### ङ. होटल, पर्यटन तथा मनोरञ्जन व्यवसाय

| शिर्षक नं | व्यवसाय | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | पाँचतारे होटल | | १,००,००० | |
| २ | चारतारे होटल | | ८०,००० | |
| ३ | तिनतारे होटल | | ६०,००० | |
| ४ | दुइतारे होटल | | ४०,००० | |
| ५ | एकतारे होटल | | २०,००० | |
| ६ | चलचित्र प्रदर्शनी घर | | १०,००० | |
| ७ | साधारण होटल, लज, गेष्टहाउस | | १०,००० | |
| ८ | होमस्टे (१० वेड सम्म) | | १०,००० | |
| ९ | होमस्टे (११ देखि २० वेड सम्म) | | १२,००० | |
| १० | होमस्टे ( २० वेड भन्दा माथि ) | | १५,००० | |
| ११ | रेष्टुरेन्ट एण्ड बार (डान्स, दोहोरी वाहेक) | | १०,००० | |
| १२ | रेष्टुरेन्ट एण्ड बार (डान्स, दोहोरी सहित) | | २०,००० | |
| १३ | क्याफे, फास्टफुड, रेष्टुरेन्ट (१००० व. फी. भन्दा माथि) | प्रति आउटलेट | १०,००० | |
| १४ | क्याफे, फास्टफुड, रेष्टुरेन्ट ठुलो (४०० भन्दा माथि १००० व. फी. सम्म) | प्रति आउटलेट | ५,००० | |
| १५ | क्याफे, फास्टफुड, रेष्टुरेन्ट साना (४०० व. फी. सम्म) | प्रति आउटलेट | ३,००० | |
| १६ | रिसोर्ट साना (४०० व. फी. सम्म) | प्रति आउटलेट | ५,००० | |
| १७ | रिसोर्ट ठुला (४०० व. फी. भन्दा माथि) | प्रति आउटलेट | ८,००० | |
| १८ | मिठाइ/बेकरी पसल (४०० व.फी भन्दा माथि) | प्रति आउटलेट | ८,००० | |
| १९ | मिठाइ/बेकरी पसल (४०० व.फी. सम्म) | | ५,००० | |
| २० | मिठाई पसल/बेकरी (२०० व.फी. सम्म) | | २,००० | |
| २१ | चिया खाजा पसल | | १,५०० | |
| २२ | ट्राभल र ट्रेकिङ एजेन्सी (२५ लाख सम्म चुक्ता पूंजी) | | ५,००० | |

| शिर्षक नं | व्यवसाय | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| २३ | ट्राभल र ट्रेकिङ एजेन्सी (५० लाख सम्म चुक्ता पूंजी) | | १०,००० | |
| २४ | ट्राभल र ट्रेकिङ एजेन्सी (५० लाखभन्दा बढी चुक्ता पूंजी) | | १५,००० | |
| २५ | रिक्रियसन खेल (गल्फकोर्स, अश्वारोहण, स्किइड, ग्लाइडिङ, प्याराग्लाइडिङ, पोलो, फुटसल, स्वीमिङ पुल, लनटेनिस, स्नुकरपुल, अनलाइन गेमिङ्ग, इ-स्पोर्ट, स्काईवाक, टावर, आइस्स्केट लगायतआदि) | | १०,००० | प्रचलित कानुन विपरित हुन नहुने शर्तमा मात्र स्वीकृति प्राप्त हुनेछ । |
| २६ | मसाजपार्लर, स्पा, ज्याकुजी, सौनावाथ, स्वीमिङपुल | | १०,००० | |
| २७ | पर्यटकीय रिकियसन खेल (गल्फकोर्स, राफटीङ, सफारी, अश्वारोहण, स्किइड, ग्लाइडिङ, वाटरर्‍याफटिङ्ग पोनीट्रेकिङ्ग, प्याराग्लाइडिङ, पोलो, बन्जीजम्प, केवलकार, रिसोर्ट, होटल आदि) को सम्पर्क कार्यालय | | ३,००० | |
| २८ | हस्तकलाका सामान उत्पादन ब्यवसाय | | ३,००० | |
| २९ | क्यासिनो | | ३,००,००० | |
| ३० | मिनि क्यासिनो | | २५,००० | |
| ३१ | ट्रेकिङ सामान पसल | | ५,००० | |
| ३२ | डिस्कोथेक, नाइट क्लब | | २५,००० | |
| ३३ | विविध मनोरञ्जन सेवा प्रदान गर्ने व्यवसाय | | ५,००० | |
| ३४ | थान्का पसल | | ५,००० | |
| ३५ | बैदेशिक रोजगार सम्पर्क कार्यालय | | २५,००० | |
| ३६ | डान्स ट्रेनिङ्ग सेन्टर | | ५,००० | |
| ३७ | संगित सम्वन्धी सेवा प्रदान गर्ने व्यवसाय | | ५,००० | |
| ३८ | होस्टेल (५० जना सम्मको) | | ३,००० | |
| ३९ | होस्टेल (५० जना भन्दा बढी ) | | ५,००० | |
| ४० | मेकअप स्टुडियो | | ३,००० | |

| शिर्षक नं | व्यवसाय | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| ४१ | ट्याटु हाउस | | ५,००० | |
| ४२ | फन पार्क (पाँच रोपनी सम्म क्षेत्रफल भएको) | | २०,००० | |
| ४३ | फन पार्क (दश रोपनी सम्म क्षेत्रफलमा फैलिएको) | | ३०,००० | |
| ४४ | फन पार्क (दश रोपनी भन्दा बढी क्षेत्रफलमा फैलिएको) | | ५०,००० | |

**च. संचार सेवा व्यवसाय**

| शिर्षक नं | कार्यक्रम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | १०००० सम्म ग्राहक भएको केवल टी. भी., डिसहोम टी. भी इन्टरनेट सेवा | | २०,००० | |
| २ | १०००० भन्दा माथि बढी ग्राहक भएको केवल टी. भी., डिसहोम टी. भी., इन्टरनेट सेवा | | ४०,००० | |
| ३ | टेलिकम, मोबाइल सेवा प्रदायक कम्पनी | | ५०,००० | |
| ४ | टेलिकम, मोबाइल सेवा प्रदायक कम्पनी (शाखा) | | २५,००० | |
| ५ | कुरियर सेवा (कार्यक्षेत्र देश भित्र) | | ५,००० | |
| ६ | कुरियर सेवा (कार्यक्षेत्र देश बाहिर समेत | | २५,००० | |
| ७ | फ्याक्स सेवा, फोटोकपी, मोबाइल फोन, आइएसडी, एसटीडी, इन्टरनेट मर्मत सेवा, सेक्रेटरीयल सेवा | | २,००० | |
| ८ | टेलिभिजन प्रशारण कम्पनी | | ५,००० | |
| ९ | एफ.एम. स्टेशन | | १,००० | |
| १० | अनलाइन सेवा व्यवसाय | | २,००० | |
| ११ | अनलाइन न्युज | | ५०० | |
| १२ | राष्ट्रिय पत्रिका | | २,००० | |
| १३ | स्थानीय पत्रिका, अनलाईन खवर | | १,००० | |
| १४ | साइबर क्याफे | | २,००० | |
| १५ | छापाखाना ५० लाख सम्म पूँजि भएको | | ५,००० | |
| १६ | छापाखाना ५० लाख माथि पूँजि भएको | | १०,००० | |

### छ. वित्तीय सेवा व्यवसाय

| शिर्षक नं | कार्यक्रम | व्याख्या | दर्ता दस्तुर (रू) | कैफियत |
|---|---|---|---|---|
| १ | वाणिज्य बैंक (केन्द्रीय कार्यालय) | | ६०,००० | |
| २ | वाणिज्य बैंक (शाखा कार्यालय) | प्रति शाखा | ३५,००० | |
| ३ | बिस्तारित काउण्टर | | २०,००० | |
| ४ | विकास बैंक (केन्द्रीय कार्यालय) | | ४०,००० | |
| ५ | विकास बैंक (शाखा कार्यालय) | प्रति शाखा | २०,००० | |
| ६ | बिस्तारित काउण्टर | | १५,००० | |
| ७ | फाइनान्स कम्पनी (केन्द्रीय कार्यालय) | | २०,००० | |
| ८ | फाइनान्स कम्पनी (शाखा कार्यालय) | प्रति शाखा | १५,००० | |
| ९ | सहकारी बैंक केन्द्रीय कार्यालय | | १०,००० | |
| १० | सहकारी बैंक शाखा कार्यालय | | ५,००० | |
| ११ | लघु वित्त कम्पनी केन्द्रीय कार्यालय | | १५,००० | |
| १२ | लघु वित्त कम्पनी शाखा कार्यालय | | १०,००० | |
| १३ | वित्तिय संस्था/सहकारी संस्था | | १५,००० | |
| १४ | महिला, उत्पादन, उपभोक्ता र श्रममा आधारीत सहकारी संस्था | | १,००० | |
| १५ | सहकारी संस्थाको शाखा, सम्पर्क कार्यालय | प्रति एकाई | ३,००० | |
| १६ | सहकारी संस्थाको सेवा केन्द्र | | १,००० | |
| १७ | मनी एक्सचेंज कम्पनी केन्द्र | | १५,००० | |
| १८ | मनी एक्सचेंज काउन्टर, शाखा | | ५,००० | |
| १९ | रेमिट कम्पनी | प्रति एकाई | ४,००० | |
| २० | बीमा कम्पनी (केन्द्रीय कार्यालय) | | २०,००० | |
| २१ | बीमा कम्पनी (शाखा कार्यालय) | प्रति शाखा | १०,००० | |
| २२ | आर्थिक कारोवार (शेयर कारोवार वा अन्य आर्थिक कारोवार) गर्ने इन्भेस्टमेण्ट कम्पनी | | १०,००० | |
| २३ | शेयर रजिष्टर गर्ने कार्यालय (सेक्युरिटिज कम्पनी) | | २५,००० | |
| २४ | सहकारी विधान संशोधन | | १,००० | |
| २५ | कार्य क्षेत्र विस्तार | | १,५०० | |
| २६ | सहकारी प्रतिवेदन दर्ता शुल्क | | २०० | |

- सहकारी संस्थाहरूले पेश गर्नुपर्ने मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र पेश नगरेमा प्रति महिना रू १००० को दरले जरिवाना लाग्नेछ ।

